## अध्याय एक
## *शोध परिचय*

### १.१. विषय परिचय

ज्यामरुङ ९ धादिङमा जन्मेका नवराज लम्साल (२०२६) कवि, गीतकार एवं लोकप्रिय रेडियोकर्मीका रूपमा परिचित छन् । लम्सालका प्रकाशित पुस्तककार कृतिहरूमा पाइलैपिच्छे सगरमाथा (२०६१), आगो छोपेर कतिन्जेल (२०६२) कविता सङ्ग्रह, धुनभित्र धुन बाहिर (२०६२) गीत सङ्ग्रह र कर्ण महाकाव्य (२०६६) रहेका छन् । कवि लम्सालले परम्पराभन्दा नवीन जीवन दृष्टि, मानवता, स्वतन्त्रता र बलिदानलाई केन्द्रीय विषय वस्तु बनाएर कर्ण महाकाव्यको रचना गरेका छन् । यस महाकाव्यको महाकाव्य तत्त्वका आधारमा विधापरक अध्ययन र विश्लेषण गरिएको छ ।

### १.२. समस्या कथन

नवराज लम्सालद्धारा लिखित कर्ण महाकाव्यमा केन्द्रित प्रस्तुत शोधकार्यका समस्याहरू निम्न लिखित रहेका छन् ।

(क) महाकाव्यकार नवराज लम्सालको साहित्यक रचनाधर्मिता के कस्तो छ ?

(ख) महाकाव्य तत्त्वका आधारमा कर्ण महाकाव्य कस्तो छ ?

(ग) कर्ण महाकाव्यका आधारमा महाकाव्यकार नवराज लम्सालको योगदानको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

### १.३. शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

(क) महाकाव्यकार नवराज लम्सालको साहित्यिक रचनाधार्मिताको अध्ययन गर्नु ।

(ख) महाकाव्य तत्त्वका आधारमा कर्ण महाकाव्यको विधापरक अध्ययन गर्नु ।

(ग) कर्ण महाकाव्यका आधारमा महाकाव्यकार नवराज लम्सालको योगदानको मूल्याङ्कन गर्नु ।

### १.४. पूर्वकार्यको समीक्षा

कवि नवराज लम्सालको कर्ण महाकाव्यका सम्बन्धमा केही समीक्षात्मक लेखहरू प्रकाशित भएका छन् तर यस महाकाव्यको विधापरक अध्ययन भने हुन सकेको छैन । यसभन्दा पहिले भएका पूर्वकार्यहरू निम्नलिखित रहेका छन् ।

गोविन्दराज भट्टराई (२०६६) ले 'विनिर्माण शिल्प र चेतना बोकेर उभिएको कर्ण नेपाली महाकाव्य सिर्जनामा नयाँ दिशा' शीर्षक राखी सो काव्यकै भूमिकामा प्रस्तुत महाकाव्य विचार र विषय वस्तुका दृष्टिले समकालीन, विषय वस्तुको नेपालीकरण, विनिर्माण शिल्प र नव चेतनायुक्त महाकाव्य भनी टिप्पणी गरेका छन् ।

सनत कुमार वस्ती (२०६६) ले यस कृतिको भूमिका खण्डमा 'शुभाSSशंसा' शीर्षक दिई पौराणिक पात्र कर्णको चारित्रिक गुणको सङ्केत गर्दै कथासार र महाकाव्यको सङ्क्षिप्त समीक्षा गरेका छन् ।

मदन मणि (२०६७) ले 'कर्ण नयाँ प्रयोग' शीर्षकको लेखमा सामाजिक दृष्टिकोणबाट कर्ण महाकाव्यका नायकको चर्चा गर्दै कर्णलाई नायक बनाएर महाकाव्य लेख्नुको कारणबारे कविसँग अन्तर्वार्ता लिएका छन् । अन्तर्वार्ताको क्रममा महाभारत कालीन कर्ण र वर्तमान नेपाली जनताले भोग्नु परेको समस्याबारे चर्चा गरिएको छ ।

अशोक सिलवाल (२०६७) ले 'काव्य संवाद' शीर्षक अन्तर्गत महाकाव्यमा सामाजिक, नैतिक पक्षका साथै कविले कर्णबाट गरेको आशा र भावी यात्राका बारेमा चर्चा गरेका छन् ।

'कर्ण लिएर नवराज' (२०६७) शीर्षकमा महाकाव्यको नायक कर्ण र नेपाली जनताको अवस्था समान रहेकाले कर्ण महाकाव्यको सम्बन्ध वर्तमान समाजसँग रहेको कुरा व्यक्त गरिएको छ ।

उपर्युक्त विवरणबाट कर्ण महाकाव्यमा नवीन पात्र सृष्टि र समसामयिक जीवन घटनाहरूको युग सापेक्ष वर्णन गरिएको पाइन्छ । पौराणिक पात्र वीरपुरुष कर्णको व्यक्तित्व र चारित्रिक गुणको सङ्केत गरेपनि महाकाव्य मान्यताका आधारमा यसको समष्टिगत अध्ययन हुन सकेको देखिँदैन ।

## १.५. शोधको औचित्य र उपयोगिता

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट हुन्छ भने नवराज लम्सालको कर्ण महाकाव्यका बारेमा समष्टिगत अध्ययन हुन सकेको देखिँदैन । कर्ण महाकाव्यको विधापरक अध्ययनबाट नेपाली महाकाव्यको क्षेत्रमा र कर्ण महाकाव्यको बारेमा जान्न चाहने र बुझ्न चाहनेहरूका निम्ति यस अध्ययनले सहयोग पुऱ्याउन उपयोगी भूमिका निर्वाह गर्ने छ । यसबाट प्रस्तुत शोधकार्यको औचित्य स्पष्ट हुन्छ ।

## १.६. शोधको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा महाकाव्य तत्त्वका आधारमा कर्ण महाकाव्यको विधापरक अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७.शोध विधि

प्रस्तुत शोधकार्यमा निम्न विधि अँगालिएको छ ।

### *(क) सामग्री सङ्कलन कार्य*

प्रस्तुत शोधकार्य मूलतः पुस्तकालयीय अध्ययन विधिमा निर्भर रहेको छ । मुख्य सामग्रीको रूपमा कर्ण महाकाव्य र सैद्धान्तिक विश्लेषणका निम्ति महाकाव्य सिद्धान्तलाई आधार मानिएको छ । यसको मूल कथानक महाभारतको कर्ण सम्बन्धी वृत्तान्तलाई पनि परिधीय सामग्रीको रूपमा लिइएको छ । कर्ण महाकाव्यवारे समीक्षा गर्ने लेखक तथा स्वयं

महाकाव्यकारसँग समेत अन्तर्वार्ता गरी आवश्यक सूचनाहरू संयोजन गरिएको छ ।

***(ख) अध्ययन विश्लेषण***

प्राप्त सामग्री र सूचनालाई आधार मानी मूलतः प्राच्य महाकाव्य सिद्धान्तका आधारमा कर्ण महाकाव्यको विधातात्त्विक तथा सौन्दर्यपरक अध्ययन गरिएको छ ।

## १.८. शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित अध्यायहरूमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोध परिचय |
| अध्याय दुई | : | महाकाव्यकार नवराज लम्सालको साहित्यिक रचनाधर्मिता |
| अध्याय तीन | : | सैद्धान्तिक अध्ययन |
| अध्याय चार | : | महाकाव्य तत्त्वका आधारमा कर्ण महाकाव्यको विधापरक अध्ययन र विश्लेषण |
| अध्याय पाँच | : | अध्यायगत सार |

## अध्यायःदुई

## *महाकाव्यकार नवराज लम्सालको साहित्यिक रचनाधर्मिता*

### २.१ विषय प्रवेश

यस अध्यायमा महाकाव्यकार नवराज लम्सालको जन्म, बाल्यकाल, शिक्षदीक्षा आदि उनको जीवनी सम्बन्धी संक्षिप्त जानकारीका साथै साहित्यिक व्यक्तित्वको चर्चा सहित उनका रचनामा पाइने विशेषताहरूको पनि परिचर्चा गरिएको छ ।

### २.२ महाकाव्यकार नवराज लम्सालः जीवनीको आलोकमा

नवराज लम्सालको जन्म वि.सं. २०२६ साउन ८ गते बुधवारका दिन पिता टङ्क प्रसाद लम्साल र माता हेम कुमारी लम्सालका जेठो सन्तानको रूपमा धादिङ जिल्लाको ज्यामरुङ ९ मा भएको हो । मध्यम वर्गीय परिवारमा जन्मेका लम्सालका चार जना भाइहरू रहेका छन् । नवराज लम्साल निम्न मध्यम आर्थिक स्थितिको परिवारमा जन्मेका व्यक्ति हुन् । त्यसैले उनको बाल्यकाल संघर्षमय भए पनि उनले मिठो परिवारिक वातावरणमा हुर्कने अवसर पाए (शोधार्थीः शोध नायकबाट प्राप्त जानकारी) ।

मध्यम वर्गीय किसान परिवारमा जन्मेका लम्सालको प्रारम्भिक शिक्षा ज्यामरुङकै श्री शङ्खादेवी निम्न माध्यमिक विद्यालयबाट भएको हो । कक्षा सात सम्मको पढाइ सकिएपछि आठ कक्षाको पढाइका लागि उनी गाउँ छोडी काठमाडौं आएका थिए । उनले २०४० सालमा काठमाडौंको संस्कृत मा.वि.रानी पोखरीमा ऐच्छिक विषय संस्कृत व्याकरण लिएर अध्ययन प्रारम्भ गरे । २०४३ सालमा एस.एल.सी.उत्तीर्ण गरेका लम्सालले नेपाली विषयमा त्रिभुवन विश्व विद्यालयबाट एम.ए. र ने.सं.वि.बाट संस्कृत व्याकरणमा आचार्यसम्मको अध्ययन गरेको देखिन्छ ( शोधार्थीः शोध नायकबाट प्राप्त जानकारी) ।

मध्यम वर्गीय किसान परिवारमा जन्मिएका लम्सालको पारिवारिक स्थिति संघर्षमय रहेको थियो । उनका बुबा पुरोहित्याइँ गर्थे । त्यही नै उनको परिवारको आम्दानीको मुख्य स्रोत थियो । आर्थिक स्थितिका कारण उनको बाल्यकाल संघर्षमय भए पनि पछिल्ला दिनहरूमा सुध्रँदै गयो । अहिले उनी काठमाडौं जिल्ला तीन थाना वार्ड नं. ४ नैकापमा श्रीमती, एक छोरा, एक छोरी र आफू सहित चार जनाको परिवारका साथ आफ्नै निजी घरमा बस्दै आएका छन् ।

### २.३ आजीविका

कवि नवराज लम्साललले सर्व प्रथम २०४३ सालदेखि 'समय' दैनिक पत्रिकामा संवाद दाताको रूपमा र २०४० देखि २०५० सालसम्म भानुभक्त मेमोरियल पानी पोखरीमा शिक्षकको रूपमा कार्य गरेका थिए ।उनी २०५० सालदेखि हालसम्म रेडियो नेपालमा रेडियो पत्रकारका रूपमा कार्यरत छन् । साथै उनी २०६६ देखि बी.बी.सी.नेपाली सेवामा कला संवाद दाताको रूपमा पनि कार्यरत छन् (शोधार्थीः शोध नायकबाट प्राप्त जानकारी) ।

## २.४ साहित्यिक प्रेरणा र प्रभाव

नवराज लम्साल सानो छँदा घाँस, दाउरा, मेलापात जाँदा गाउँले वन पाखामा गाएका गीत र घर आँगनमा लय हालेर पाठ गरिने रामायण र महाभारतका श्लोकहरूबाट प्रभावित देखिन्छन् । त्यसै वेलादेखि यस क्षेत्रमा आकर्षित हुन पुगेका लम्साल यिनै लोक, भाका र लोकशैलीलाई आफ्नो कविता लेखनको प्रेरणाको स्रोत मान्दछन् (शोद्यार्थीः शोध नायकबाट प्राप्त जानकारी ।

## २.५ भ्रमण

नेपालका ६१ ओटाभन्दा बढी जिल्लाहरूको भ्रमण गरिसकेका लम्सालले संयुक्त राज्य अमेरिका, फ्रान्स, थाइल्यान्ड, स्विडेन, पाकिस्तान र भारतको भ्रमण गरेका छन् ।

## २.६ साहित्यिक व्यक्तित्वका आयामहरू

लम्सालले नेपाली साहित्यको कविता विधा बाहेक अन्य विधामा पनि धेरथोर मात्रामा कलम चलाएका छन् । उनले गीत, नाटक, महाकाव्य आदि विधामा आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । लम्सालका साहित्यका अन्य विधागत व्यक्तित्वको परिचय निम्नानुसार देखिन्छः

### २.६.१ कवि व्यक्तित्व

नवराज लम्सालको साहित्यिक व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व सबैभन्दा प्रखर देखिन्छ । उनले फुटकर कवितादेखि कविताको बृहत् रूप महाकाव्यको समेत रचना गरेका छन् ।

'बन्दना' (२०४१) शीर्षकको कविता उनको प्रथम प्रकाशित फुटकर कविता हो । उनी जुनसुकै विषयमा पनि सहज किसिमले कविता लेख्न सक्छन् । हालसम्म उनका **पाइलैपिच्छे सगरमाथा** (२०६१) **आगो छोपेर कतिन्जेल** ! (२०६२) गरी दुई ओटा कविता सङ्ग्रह प्रकाशित छन् । उनका दर्जनौ फुटकर कविताहरू विभिन्न पत्र पत्रिकामा छापिएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानको ४५ औं स्थापना दिवसको अवसरमा आयोजित राष्ट्रिय कविता महोत्सव (२०५९) मा लम्सालको 'पहाड र चराहरू' नामक कविता प्रथम भएको थियो । यसरी कविता मार्फत आफ्ना पाठक तथा श्रोताहरूको मन जित्न सफल कवि लम्सालको कवि व्यक्तित्व उच्च देखिन्छ ।

### २.६.२ गीतकार व्यक्तित्व

कवि लम्सालले आफ्नो व्यक्तित्व गीतकारका रूपमा पनि स्थापित गरेका छन् । उनका करिव २०० ओटा गीतहरू रेकर्ड भएका छन् । चोर, सिउँदो, आतङ्कवादी, ईर्ष्या जस्ता चलचित्रहरूका लागि उनले गीत लेखेका छन् । उनको धुनभित्र र धुन बाहिर (२०६२) गीत सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ । उनका गीतहरूमा मिलन–विछोड, पीडा, सामाजिक विसङ्गति प्रेम प्रणय जस्ता प्रसङ्गहरूलाई आधार बनाएको देखिन्छ । राष्ट्रिय गीत सम्मेलन २०५८ मा उनको गीत प्रथम भएको थियो । यसरी उनी आफ्ना गीत मार्फत श्रोताहरूको मन जित्न सफल गीतकार देखिन्छन् ।

### २.६.३ पत्रकार व्यक्तित्व

कवि गीतकार वाहेक पत्रकारका रूपमा पनि उनले आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । सर्वप्रथम २०४३ सालदेखि 'समय दैनिक पत्रिका' मा संवाद दाताका रूपमा उनले काम गरेका थिए । लम्साल मिठो स्वर र अर्काको अनुभूतिलाई आवाज दिन सक्ने सफल रेडियोकर्मी हुन् । मिठो स्वर परिष्कृत शैली र आकर्षक वक्तृत्व क्षमताकै कारण उनले सन् १९९३ मा 'द रेयुकाइ नेपाल' द्वारा आयोजित आठौँ राष्ट्रव्यापी वक्तृत्व कला प्रतियोगितामा सर्व प्रथम भई फ्रान्सको सुन्दर सहर पेरिस जाने अवसर पाएका थिए । २०५० सालदेखि रेडियो नेपालमा कार्यरत लम्सालका सुर सङ्गम, मधुवन जस्ता कार्यक्रम निकै लोकप्रिय रहेका छन् । रेडियो कार्याक्रम मार्फत भाषा, साहित्य र संस्कृतिका निम्ति आवाज बुलन्द पार्ने लम्साल एउटा सफल उद्घोषक पनि हुन् । यसरी समाजमा पिछडिएका समुदाय र तिनको भोगाइमा वाणी भर्दै आएका लम्साल हाल रेडियो नेपाल र बी.बी.सी. नेपाली सेवामा कार्यरत छन् । यसरी उनी भाषा साहित्य र संस्कृतिको उन्नयनका निम्ति सक्रिय भूमिका निर्वाह गर्ने कुशल सञ्चारकर्मी हुन् ।

उपर्युक्त व्यक्तित्वका अतिरिक्त लम्सालले रेडियो नाटक र निवन्धमा पनि थोरै मात्रामा कलम चलाएका छन् ।

## २.८ रचनाधर्मिता

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने प्रतिभा लम्सालका प्रकाशित र अप्रकाशित गरी थुपै रचनाहरू पाइन्छन् । 'वन्दना' (२०४१) शीर्षकको कविता प्रकाशित गरेर नेपाली साहित्यमा उदाएका लम्साल सरल भाषाका सिर्जना मार्फत पाठकको हृदय जित्ने सफल स्रष्टा हुन् । उनका प्रकाशित कृतिहरूको सामान्य परिचय निम्नानुसार गरिएको छ ।

***क) पाइलैपिच्छे सगरमाथा (कविता सङ्ग्रह २०६१)***

पाइलैपिच्छे सगरमाथा लम्सालद्वारा प्रथम प्रकाशित कविता सङ्ग्रह हो । १०४ पृष्ठ रहेको यस कृतिमा ५२ ओटा गद्य कविताहरू रहेका छन् । यस कविता सङ्ग्रह भित्र सङ्गृहीत 'पहाड र चराहरू' नामक कविता नेपाल प्रज्ञा प्रतिष्ठानको ४५ औं स्थापना दिवसको अवसरमा आयोजित राष्ट्रिय कविता महोत्सव (२०५९) मा प्रथम भएको थियो । उनका कवितामा उनी आफैले भोगेका, आफ्नै जीवनका र युगीन परिवेश र परिधिभित्र फैलिएको अपूर्ण वर्तमान अर्धमृत इच्छा र चाहना स्वयंको दिग्भ्रम र अनिश्चित भविष्यलाई सुन्दर रूपले अभिव्यक्ति दिएका छन् (दिवस, २०६१: भूमिका) । वर्तमान समयमा परिवर्तन र स्वतन्त्रताका नाममा भैरहेको जालझेलप्रति उनका कविताहरू प्रतीकात्मक रूपमा अभिव्यक्त भएका छन् । मानवीय संवेदना उनका कवितामा प्रवल रूपमा रहेको पाइन्छ । सरलता र कोमलता उनका विशेषता हुन । यसरी समसामयिक जीवन घटनाहरूको यथार्थ चित्रण उनका कवितामा पाइन्छ ।

***ख)  आगो छोपेर कतिन्जेल (कविता सङ्ग्रह २०६२)***

यस कविता सङ्ग्रहमा ३९ ओटा फुटकर कविताहरू रहेका छन् । गद्य लयमा संग्रहित यी कविताहरूमा सरल भाषाको प्रयोग भएको छ । यसभित्रका प्रायः सवै कविताहरू समसामयिक परिस्थिति र परिवेशबाट निर्मित राजनीतिक सामाजिक विषय वस्तुमा बढी केन्द्रित देखिन्छन् (आचार्य, २०६२: ८३) । देशमा दन्केको आगोबाट प्रताडित समाज भित्रका व्यक्ति व्यक्तिको चित्कार उनका कविता मार्फत अभिव्यक्त भएका छन् । कविले यस कविता सङग्रमा धर्मको नाममा मान्छेलाई अवहेलना गर्ने परम्पराप्रति तिखो टिप्पणी गरेका छन् । मानवीय मूल्यको स्थापना उनको कवितामा पाइन्छ । व्यापक मानवतावादी जीवन दृष्टि उनको प्रमुख विशेषता हो । यसरी सरल एवं प्राञ्जल भाषामा ओजपूर्ण अभिव्यक्ति यस सङ्ग्रहका कविताहरूमा पाइन्छ ।

***ग)  धुनभित्र धुन वाहिर (गीत सङ्ग्रह २०६२)***

यस गीत सङ्ग्रहमा १०५ ओटा गीतहरू रहेका छन् । यसमा रहेका गीतहरू विभिन्न गायकहरूबाट स्वरबद्ध भएका छन् । राष्ट्रियताका तीव्र प्रेरणाले लपक्क भिजेका, मायाप्रेमको शाश्वत सत्यलाई सम्झाउने गीतहरूका साथै आर्थिक विषमता  र वितरण प्रणालीको असमानतालाई पनि गीतकार लम्सालले कलात्मक अभिव्यञ्जना प्रदान गरेका छन् (हाचेकाली, २०६२: ११६) । यसरी जीवन संघर्ष, भोक, पीडा सँगसँगै हृदय विदारक घटनाहरूलाई उनले गीतमा लयबद्ध गरेका छन् ।

## २.८  सारांश

नवराज लम्साल वि.सं.२०२६ सालमा धादिङ जिल्लाको ज्यामरुङमा जन्मिएका हुन् । रामायण र महाभारतका श्लोक र गाउँले वनपाखामा गाइएका गीतहरूबाट प्रभावित लम्सालका दुई ओटा कविता सङ्ग्रह, एक गीत सङ्ग्रह र एउटा महाकाव्य प्रकाशित छन् । लम्सालले साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनको मूल विधा भने कविता हो, सरल, सहज र प्रतीकात्मक भाषाशैलीलाई स्वतन्त्रपूर्वक परिवर्तनका पक्षमा उनका कृतिहरू अभिव्यक्त भएका छन् । उनले समाजमा देखिएका विकृति, विसङ्गतिमाथि तिखो व्यङ्ग्य गरेका छन् । शोषित, पीडित जनताको पक्षमा उनका कविताहरू रचिएका छन् । परिमाणात्मक दृष्टिले लम्सालका धेरै कृतिहरू प्रकाशित नभए पनि गुणात्मक दृष्टिले उनका कृतिहरू महत्त्वपूर्ण छन् । त्यस्तै उनका केही लेख रचनाहरू प्रकाशनका क्रममा रहेका छन् । अझै उनी काव्य साधनामा निरन्तर लागि रहेका छन् ।

# अध्याय तिन
## *सैद्धान्तिक अध्ययन*

### ३.१ विषय प्रवेश

यस अध्यायमा कविताका उपविधाका रूपमा महाकाव्यको परिचय सँगै पूर्वीय एवं पाश्चात्य महाकाव्य सम्बन्धी धारणाहरू र अन्य महाकाव्य मान्यताहरूको विवेचना गरिएको छ । साथै पूर्वीय एवं पश्चिमी परिभाषाहरू बिच तुलना गरिएको छ ।

### ३.२ कविताका विभिन्न उपविधा र महाकाव्य

साहित्यका विभिन्न विधागत भेद मध्ये ललित वा आनन्द मूल प्रयोजन भएको लयबद्ध गद्य वा पद्यमा रचित साहित्यिक विधा कविता हो । कवितालाई पाँच प्रकार वा उपविधामा वर्गीकरण गर्न सकिन्छ । जस्तैः

क) लघुतम रूप वा मुक्तक कविता
ख) लघु रूप वा फुटकर कविता
ग) मझौला रूप वा खण्डकाव्य
घ) बृहत् रूप वा महाकाव्य
ङ) बृहत्तर रूप वा आर्षकाव्य

#### *क) लघुतम रूप वा मुक्तक कविता*

अनुभूतिको सशक्त, सुन्दर र सानो स्वरूपमा अभिव्यक्त भएको दुई देखि चार पाउसम्मको लमाइमा पूर्ण हुने सबैभन्दा छोटो कविता लघुतम/मुक्तक कविता हो (गुप्त, १९६८ : १२) ।

#### *ख) लघु रूप वा फुटकर कविता*

चतुष्पदी दुई श्लोक देखि उन्नाइस श्लोक वा सोसरहको पङ्क्ति पुञ्जमा आधारित अनुच्छेदगत लमाइ भएको कविता फुटकर कविता हो । कुनै-कुनै लघु कविता बिस श्लोक भन्दा बढी लमाइ लिएको पनि देखिन्छ (अवस्थी, २०६४: ४) ।

#### *ग) मझौला रूप वा खण्डकाव्य*

कविताको लघु रूप भन्दा माथिल्लो र बृहत् रूपभन्दा तल्लो रूपनै मध्यम कविता हो । सयदेखि नौसय उनान्सय सम्मको श्लोक संख्यागत लमाइ हुने रूपलाई नै मझौला रूप भनिन्छ । यस अन्तर्गत खण्डकाव्य, कोषकाव्य, दूतकाव्य, गीतिकाव्य, लामा कविता आदि राख्ने गरिन्छ । एक हजार भन्दा बढी चतुष्पदी श्लोक संख्या भएका कवितालाई बृहत् कविता वा महाकाव्य भनिन्छ । बृहत्तर आर्ष महाकाव्यात्मक स्वरूप भने नेपाली महाकाव्य परम्परामा उपलब्ध देखिँदैन (अवस्थी, २०६४ : ४) ।

यसरी श्रव्य साहित्य अन्तर्गत कविता विधाको उपविधाका रूपमा विकसित बृहत् आकारको काव्यका रूपमा महाकाव्य प्रचलित रहेको पाइन्छ । महाकाव्यले कुनै पनि देश वा जातिका भाषा, संस्कृति, संस्कार, आदर्श, इतिहास लगायत मानव सभ्यताको सर्वाङ्गीण अभिव्यक्ति गर्दछ (गुप्त, १९६८ : १५) ।

महाकाव्य के हो भन्ने सन्दर्भमा पूर्वीय र पाश्चात्य धारणालाई बुझ्नु आवश्यक छ । महाकाव्यका सम्बन्धमा व्यक्त भएका पूर्वीय एवं पाश्चात्य धारणालाई यहाँ प्रस्तुत गरिएको छ ।

### ३.२.१ पूर्वीय धारणाहरू

पूर्वीय साहित्यमा महाकाव्य सम्बन्धी चिन्तन ई.छैटौं शताब्दीका आचार्य भामह देखि भएको पाइन्छ । महाकाव्यका सम्बन्धमा आफ्ना धारणा प्रस्तुत गर्ने क्रममा पूर्वीय विद्धान्हरू भामह, दण्डी, रूद्रट, आनन्दवर्धन, विश्वनाथ, हेमचन्द्र, जगन्नाथ आदिले विचारहरू प्रस्तुत गरेका छन् । ती मध्ये भामह, दण्डी, रूद्रट, र विश्वनाथका महाकाव्य सम्बन्धी धारणाहरू महत्त्वपूर्ण मानिएका छन् ।

पूर्वीय महाकाव्य चिन्तनका प्रवर्तक आचार्य भामहले आफ्नो लक्षण ग्रन्थ काव्यालङ्कारमा साहित्यको विधागत वर्गीकरण सहित महाकाव्य सम्बन्धी आफ्ना मान्यताहरू प्रस्तुत गरेका छन् । महाकाव्यको परिभाषा गर्दै भामहले भनेका छन्, सर्गबन्ध, महान् अर्थको कार्यव्यपार, शिष्ट शब्दार्थयुक्त, अलङ्कारमय, पञ्चसन्धिको प्रयोग, मन्त्र, दूत, प्रयाण, नायकको समुन्नति, सुखान्तता, चतुर्वर्गको प्रयोग हुनुपर्ने कुरा गरेका छन् (अवस्थी, २०६४ :१४) ।

भामहले महाकाव्य प्रबन्धात्मक साहित्यिक विधा भएकाले सर्वप्रथम विस्तृत कथावस्तुलाई व्यवस्थित गर्न सर्गबद्धता आवश्यक रहेको देखाएका छन् । महान् व्यक्ति र उसको चरित्रलाई विभिन्न सर्गमा बाँडेर नाटकमा जस्तै कार्य-कारण श्रृङखलाबद्ध पञ्चसन्धियुक्त हुनुपर्ने कुरामा उनले जोड दिएका छन् । भामहले महाकाव्यको भाषा विशिष्ट र अर्थका दृष्टिले शालीन वा स्तरीय हुनुपर्ने दृष्टिकोण राखेका छन् । उनका यिनै महाकाव्य चिन्तनका स्थापनाबाट अर्वाचीन आचार्यहरूले पनि महाकाव्यका परिभाषाहरू विकसित गरेको पाइन्छ ।

भामहपछि महाकाव्यको परिभाषाकारको रूपमा दण्डी देखा परेका छन् । उनका अनुसार महाकाव्य सर्गबन्ध हुन्छ, यसको थालनी आशीर्वादात्मक नमस्कारात्मक वा वस्तुनिर्देशात्मक मध्ये कुनै एक हुनुपर्छ, यसमा ऐतिहासिक वा सज्जन व्यक्तिका यथार्थ जीवनमा आश्रित आख्यानको प्रयोग गरिन्छ । नायक चतुर तथा उदात्त हुन्छ, चतुर्वर्गको अभिव्यक्ति हुनुका साथै नगर, सागर, चन्द्रोदय, सूर्योदय आदिको वर्णन गरिएको हुनु पर्दछ । त्यस्तै मन्त्रदूत प्रयाणादि र नायक उदयको वर्णन भएको अलङकृत, विविध छन्दको प्रयोग, सङ्क्षिप्तता, रसभाव निरन्तरतायुक्त, सन्तुलित सर्गविधान, पञ्चसन्धि समन्वित एवं लोकरञ्जक कथानक भएको हुनु पर्छ (रिसाल, २०५८ :७) ।

दण्डीले प्रतिपादन गरेको उपर्युक्त महाकाव्य परिभाषा संस्कृत भाषाका कलात्मक र विचित्रमार्गी महाकाव्यका ढाँचाबाट बढी प्रभावित देखा पर्छ भने भामहका महाकाव्य मान्यताको आंशिक उपयोग पनि त्यहाँ गरिएको छ । महाकाव्यको संरचना, विषयवस्तु, पञ्चसन्धिको प्रयोग, अलङ्कृत सौन्दर्य जस्ता महाकाव्य लक्षण भामहद्धारा निर्दिष्ट देखिन्छन् । त्यस वाहेक मङ्गलाचरणमूलक थालनी, सर्गान्तमा छन्द परिवर्तन, सर्गगत सङ्क्षिप्तता र नायक चतुर एवं उदात्त हुनुपर्ने कुरामा दण्डीको मौलिक चिन्तन देखिन्छ ।

दण्डीपछि रूद्रटले महकाव्य सम्बन्धी धारणा राखेका छन् उनले महाकाव्यको कथा उत्पाद्य वा अनुत्पाद्य पनि हुन सक्छ, तर त्यो लघु होइन बृहत् हुनै पर्छ । यसमा अवान्तर कथाहरू पनि समाविष्ट हुन्छन् र यसले युग जीवनका विविध रूप, पक्ष तथा घटनाहरूको चित्रण गर्दछ । यसको नायक सर्वगुण सम्पन्न, महान् वीर, शक्ति सम्पन्न, विश्व विजयाकाङ्क्षी, नीतिज्ञ र कुशल राजा हुन्छ  र अन्तमा उसैको विजय हुन्छ (जोशी, २०६५ :११३) ।

रूद्रटले भामह र दण्डी जस्ता पूर्वाचार्यद्धारा स्थापित महाकाव्य मान्यताका आधारभूत बुँदालाई समेटदै मौलिक योगदान पनि दिएका छन् । महकाव्यलाई बृहत प्रबन्ध काव्यका रूपमा चिनाउनु र त्यसमा रस समग्रताको सञ्चार अपेक्षित ठान्नु उनको महाकाव्य चिन्तनगत मौलिक योगदान हो । साथै समन्वयवादी दृष्टि अँगाल्नु उनको अर्को उल्लेख्य योगदान रहेको देखिन्छ ।

यसपछि महाकाव्य सम्बन्धी परिभाषा गर्ने महत्त्वपूर्ण आचार्यका रूपमा विश्वनाथ देखा पर्छन् । उनले महाकाव्यको परिभाषा निम्नानुसार गरेका छन् । महाकाव्य सर्गबन्ध हुन्छ, त्यसमा देवता, सद्वंशी, छेत्री वा धीरोदात्त प्रकृतिको कुनै कुलीन राजा वा एकै वंशका कमिक धेरै राजा पनि नायक हुन सक्छन् । यसमा शृङ्गार, वीर र शान्तमध्ये कुनै एक रस अङ्गी रसका रूपमा र अन्य सवै रस अङ्गरसका रूपमा प्रयोग गरिनु पर्छ । यसमा सबै नाटय सन्धिहरूको प्रयोग हुनुपर्छ । यसको कथावस्तु इतिहासमूलक वा अन्य सज्जनाश्रित हुनुपर्छ भने त्यस अन्तर्गत चतुर्वर्गको चित्रण गरी तीमध्ये कुनै एकलाई फलोदय पर्यन्त अभिव्यक्त दिनुपर्ने उल्लेख गरेका छन् । आठ भन्दा बढी सर्ग तिनमा एक वा विविध छन्दको प्रयोग गरिए पनि अन्त्यमा छन्द परिवर्तन सहित भावी कथाको सङ्केत, यसमा सूर्य, चन्द्र, रात्रि, बिहान, सिकार, युद्ध, पर्वत, ऋतु, वन, विवाह, पुत्र जन्म आदि विषयको वर्णन गरिनु पर्छ । महाकाव्यको शीर्षकीकरण कविनाम वा नायकको नामबाट गरिनु पर्छ (अवस्थी, २०६४ :१९) ।

विश्वनाथले पनि पूर्वाचार्यहरूको मान्यतालाई समेटदै आफ्नो मौलिक विचार प्रस्तुत गरेका छन् । अष्टाधिक सर्गविधान, नायकको जातीय परिवारिक पृष्ठभूमि, अङ्गी रस र अङ्ग रसको विधान जस्ता नवीन धारणाहरू पाइन्छन् । पूर्वीय महाकाव्य परम्परामा उनको धारणा महत्वपूर्ण देखिन्छ ।

### ३.२.२ पाश्चात्य धारणाहरू

महाकाव्य सम्बन्धी पूर्वीय आचार्यहरूले जस्तो विस्तृत चर्चा पाश्चात्य साहित्यकारहरूले गरेका छैनन् । महाकाव्यका सम्बन्धमा कलम चलाउने पहिला चिन्तक अरस्तुले आफ्नो 'काव्यशास्त्र' ग्रन्थमा महाकाव्य सम्बन्धी धारणाहरू उल्लेख गरेका छन् । अरस्तुका अनुसार महाकाव्य काव्यानुकृतिको एक भेद हो । यसको कथावस्तु प्रख्यात वा जातीय दन्त्यकथामा आधारित हुन्छ । यसमा उदात्त व्यक्तिको चरित्र चित्रण गरिन्छ । विविध उपाख्यानहरूको समावेश, विस्तृत आयाममा फैलिएको हुन्छ । यसको रूप समाख्यानात्मकता हुन्छ, एउटै छन्दको प्रयोग गरिनुका साथै उदात्त शैलीले गरिमामय हुन्छ (गुप्त, १९६८ : १७) ।

अरस्तुले दु:खान्त नाटक र महाकाव्यका बिच तुलना गर्दै महाकाव्य मान्यताको अङ्कन गरेका हुन् । उनका अनुसार दु:खान्त नाटकमा जस्तै महाकाव्यमा पनि गम्भीर कथावस्तुको आवश्यकता पर्दछ । उनले महाकाव्यमा आफ्ना सीमाको विस्तार गर्ने क्षमता रहने हुँदा दु:खान्तकका दाँजामा महाकाव्यका कथावस्तुमा कल्पनाको अधिक उपयोग गर्न सकिने सङ्केत दिएका छन् । दु:खान्त नाटकमा अभिनेताले प्रत्यक्ष रूपमा अभिनय गरी देखाउनु पर्ने हुँदा यस्ता अलौकिक अद्भुत घटना चरित्रको प्रयोग सम्भव हुन्न भने महाकाव्य चाहिँ समाख्यनात्मक हुने हुँदा त्यसमा अलौकिक तत्त्वको वर्णन सम्भव हुन्छ (अवस्थी, २०६४ :२८) । उनले दु:खान्तककै पात्रविधान सरह महाकाव्यमा उच्चतर भव्य पात्रविधान हुने सङ्केत दिएका छन् । यसरी अरस्तुको महाकाव्य धारणा पाश्चात्य सहित्यमा महत्त्वपूर्ण मानिन्छ ।

यसै क्रममा सी.एम. बाबराका अनुसार बृहत्तर गरिमा पूर्ण कथात्मक काव्य महाकाव्य हो । महाकाव्यमा प्रस्तुत घटना एवं पात्रहरूले पाठकहरूका हृदयमा मानवीय उपलब्धिपूर्ण गौरव तथा महत्त्व प्रति दृढ आस्था उत्पन्न गराउन सक्ने वर्णनात्मक प्रबन्धविधान हुनु पर्दछ (जोशी, २०६५ : ११७) ।

जोन ड्राइडनले महाकाव्यको विषयवस्तु विशिष्ट हुनु पर्छ, उपकथाहरू मुख्य कथावस्तुमा आधारित हुन्छन्, उदात्त विषयलाई विशिष्ट शैलीमा वर्णन गरी प्रभावोत्पादकता बढाउने किसिमको हुनु पर्छ भनेका छन् (चापागाइँ र सुवेदी, २०५२ : ५८-६१) ।

अर्का पाश्चात्य काव्य चिन्तक टिलियार्टका अनुसार महाकाव्य उत्तम गुणले युक्त गम्भीर रचना, विविधोन्मुखी सर्वाङ्गीण जीवनको चित्रण, वीर भावनाले युक्त प्रभावाभिव्यक्ति भएको हुनुपर्छ (गुप्त, १९६८ :१८) ।

यी माथिका परिभाषाहरूले महाकाव्यका सम्बन्धमा खासै उल्लेख गर्न लायक पक्षलाई उठाएको देखिँदैन । समग्रमा यी परिभाषाहरूलाई समेटेर भन्दा महान् नायक, विशिष्ट कथानक भएको वर्णनात्मक, आलङ्कारिक, गरिमामय, छन्दोबद्ध रचना महाकाव्य हो भन्न सकिन्छ ।

### ३.२.३ महाकाव्य सम्बन्धी अन्य धारणाहरू

महाकाव्यका सम्बन्धमा भारतीय तथा नेपाली विद्वान्हरूले पनि आ–आफ्ना धारणाहरू अघि सारेका छन् ।

भारतीय समालोचक डा.नगेन्द्रले महाकाव्यलाई उदात्त कथानक, उदात्त नायक, उदात्त उद्देश्य र उदात्त भाव एवं शैलीयुक्त छन्दोवद्ध काव्य ग्रन्थ भन्दै गरिमामय ग्रन्थका रूपमा हेरेका छन् (नगेन्द्र, १९८१ : १२५) ।

नगेन्द्रको यस परिभाषाले काव्यका विविध तत्त्व र विशेषताहरूलाई समेटेको देखिन्छ । उनको यो परिभाषा रस, सर्ग र आयामका बारेमा मौन रहेको छ ।

अर्का भारतीय विद्वान् विश्वम्भरले कामायिनीको समालोचना गर्ने क्रममा महाकाव्यमा जीवनको विराट् चित्र, जातीय कथा, इतिहास, पुराण माथि आधारित रहनाले यसको कथा संस्कृतिको वाहक हुन्छ भनेका छन् (विश्वम्भर, १९६२:१३४) ।

भारतीय समालोचक डा.भगीरथ मिश्रले महाकाव्यलाई चिनाउने क्रममा महाकविलाई समेत चिनाउन पुगेका छन् । महाकविको कल्पना संयम तर प्रबल हुन्छ । उस भित्र नव निर्माणको चेतनाका साथै महाकवि भित्र रहेको शव्दको जादूले गर्दा महाकवि अन्य कवि भन्दा फरक हुन्छ । महाकाव्यमा समाजलाई नियाल्न सक्ने सूक्ष्म दृष्टिकोण हुनु पर्दछ (मिश्र, २०४७:५५) ।

यसैगरी महाकाव्यलाई चिनाउने नेपाली समालोचकहरूमा वासुदेव त्रिपाठीका अनुसार सामयिक सामाजिक धरातलमा टेकेर मानसिक भावात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत व्यापक अझ विराट् अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो (त्रिपाठी, २०५६:१०९) ।

त्रिपाठीको उपर्युक्त महाकाव्य परिभाषा पूर्वी–पश्चिमी महाकाव्य चिन्तनमा निहित आधारभूत धारणाबाट निर्देशित रहनुका साथै उनका आफ्नै साहित्यिक विधा चिन्तन र कविता चिन्तनबाट पनि परिपोषित देखिन्छ ।

अर्का नेपाली समालोचक कृष्ण गौतमका विचारमा कुनै कृतिले ठुलो हुँदैमा महाकाव्यको अभिधान पाउँदैन । महाकाव्यका निम्ति उच्चता हुनुपर्छ, भव्यता हुनुपर्छ, गरिमा हुनुपर्छ र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुनु पर्दछ (गौतम, २०५५:३) ।

समग्रमा महकाव्यको आधुनिक परिभाषा यसरी दिन सकिन्छ "जीवनका विविध पक्षबाट कथानक लिई प्रकृतिका विविध स्वरूपको चित्रण भएको, नायकको समग्र अवस्थाको चित्रण, विविध गद्य–पद्य छन्दको प्रयोग, विशिष्ट भाषाशैली प्रयोग भएको रसमय रचना महाकाव्य हो ।

### ३.३ पूर्वीय र पाश्चात्य धारणाहरूको तुलना

महाकाव्य सम्बन्धी पूर्वीय एवं पाश्चात्य साहित्य चिन्तकहरूको सैद्धान्तिक स्थापनाहरूको तुलनात्मक अध्ययन गर्दा महाकाव्य श्रेष्ठतम काव्य रूप हो । दुवैतिरका काव्यशास्त्रीहरूले महाकाव्यमा महत् अर्थ र कार्यव्यापारको अभिव्यक्ति अपेक्षित ठहऱ्याएको देखिन्छ । यस क्रममा पश्चिमी समीक्षकहरूले लोक प्रख्यात वा इतिहास प्रसिद्ध र श्रेष्ठतर जीवनको झाँकी दिने खालको गम्भीर कथावस्तु महाकाव्यमा आवश्यक पर्ने कुरा औंल्याएका छन् । पूर्वीय आचार्यहरूले महाकाव्यको प्रबन्धन पक्षबारे चर्चा गर्दा पञ्चसन्धि युक्त हुनुपर्ने वताएका छन् भने पश्चिमी आचार्यहरूले चाहिँ महाकाव्यात्मक कथावस्तुमा कार्यान्विति रहनु पर्ने बताएका छन् ।

पूर्वमा विविध छन्दको प्रयोगमा जोड दिइन्छ । पाश्चात्यमा भने एकै छन्द षड्पदी प्रयोग गरिन्छ । पूर्व र पश्चिम दुवैतिरका महाकाव्य चिन्तकहरूले महाकाव्यको नायक महान् वीर, विजयाकाङ्क्षी, उदात्त र भद्र किसिमको हुनुपर्ने कुरामा जोड दिएका छन् । पूर्वीय आचार्यहरूले महाकाव्यमा रससमग्रताको अभिव्यक्ति हुने र शृङ्गार, वीर, शान्त मध्ये कुनै एक रसको मुख्यता हुनुपर्ने कुरा बताएका छन् । पश्चिमी आचार्यहरूले चाहिं महाकाव्यमा वीर रसकै प्रधानता रहने कुरामा जोड दिएका छन् । महाकाव्यको भाषा अलङ्कृत, भव्य, उदात्त हुनुपर्छ भन्ने कुरामा दुवैतिरका काव्यशास्त्रीहरू सहमत देखिन्छन् । महाकाव्य सर्गबद्ध हुनुपर्छ भन्ने मान्यता पूर्वीय विद्वान्हरूको मौलिक स्थापना देखिन्छ भने महाकाव्यत्मक कथनढाँचा समाख्यानात्मक किसिमको हुन्छ भन्ने मान्यता पश्चिमी महाकाव्य चिन्तनको मौलिक स्थापना हो ।

### ३.४ सारांश

कविता विधाको उपविधाका रूपमा महाकाव्य रहेको छ । महाकाव्यलाई जीवनका विविध पक्षको अभिव्यक्ति भएको बृहत् प्राचीन विधा मानिन्छ । तुलनात्मक रूपमा हेर्दा पूर्वमा भामह देखि सुरू भएको महाकाव्य चिन्तन विश्वनाथसम्म आउँदा जति विकास भएको पाइन्छ त्यति पाश्चात्य परम्परामा पाइँदैन । समग्रमा दुवै थरि काव्य मान्यतालाई सामूहिक रूपमा भन्नुपर्दा महाकाव्य गम्भीर कथावस्तु, महान् पात्र, भव्य परिवेश, बृहत् आयाम भएको छन्दोवद्ध र आलङ्कारिक भाषाशैली भएको सर्गबद्ध कृति हो ।

## अध्यायःचार

# *महाकाव्य तत्त्वका आधारमा कर्ण महाकाव्यको विधापरक अध्ययन र विश्लेषण*

### ४.१ विषय प्रवेश

यस अध्ययनमा कर्ण महाकाव्यको विधापरक अध्ययन गरिएको छ । कर्ण महाकाव्य भएकाले यसलाई महाकाव्यका तत्त्वहरू विषय वस्तु, कथानक, चरित्र विधान, रस विधान, उद्देश्य, शिल्प विधान आदिका आधारमा अध्ययन तथा विश्लेषण गरी अन्त्यमा सारांश दिइएको छ ।

### ४.२ विषय वस्तु

नवराज लम्सालको कर्ण महाकाव्य (२०६६) को कथावस्तु संस्कृत भाषाको आर्ष महाकाव्य महाभारतको उपजीव्य स्रोतमा आधारित छ । वर्तमान समय र समाजको वास्तविकतालाई पौराणिक विषयमा मिश्रित गरी नयाँ ढङ्गले यस महाकाव्यमा कथावस्तु प्रकट भएको पाइन्छ । यो कथा कृष्ण र पाण्डवलाई प्रतिरोधी बनाएर महाभारतकै पात्र कर्णको जीवन चरित्रमा आधारित छ (भट्टराई, २०६६:१०) । कर्ण महाकाव्य आर्ष महाकाव्यमा उपजीवित भएपनि यसमा वर्तमानबोध पनि मिसिएको छ । तसर्थ यसलाई पौराणिक विषयवस्तुमा आधारित समसामायिक सन्दर्भ समेत जोडिएको महाकाव्यको रूपमा हेर्न सकिन्छ ।

### ४.३ कथानक

मङ्गलाचरण र महाबली कर्णप्रति शव्दतर्पण गर्ने सत्संकल्पका साथ महाकाव्य प्रारम्भ हुन्छ । दोस्रो सर्गबाट यस महाकाव्यको कथानक अघि बढेको देखिन्छ । दुर्वासा प्रदत्त मन्त्र प्रयोग गरेर आह्वान गर्दा प्रकट भएका सूर्यसँगको समागमबाट जन्मिएको नवजात छोरालाई लोकलज्जाले त्रस्त कुन्तीले पेटिकामा राखेर गङ्गामा बगाउँछिन् । चौथो सर्गमा बग्दै गरेको बाकस हस्तिनापुर नरेशका सारथि अधिरथले प्राप्त गर्छन् । निःसन्तान अधिरथ र उनकी पत्नी राधाले कर्णको पालन पोषण गर्दछन् । पाँचौं सर्गमा बाल्यावस्थामै धनुर्विद्या सिकाउन अधिरथले गुरू द्रोणाचार्य कहाँ लग्छन् । द्रोणाचार्यले आफू राजकुमारको गुरु भएकाले सारथि पुत्रलाई शिष्य बनाउन अस्वीकार गर्छन् । छैटौं सर्गमा कर्णले ब्राह्मण हुँ भनी परशु रामको आश्रममा गएर शस्त्रास्त्र विद्या प्राप्त गर्छन् । सातौं सर्गमा विद्या पूर्ण हुन लाग्दा क्षत्रिय भएर ब्राह्मण हुँ भनी ढाँटेको थाहा पाए पछि परशु रामले अप्ठ्यारो परेको बेला विद्या निष्फल हुने श्राप दिन्छन् । साथै कर्णले श्रापलाई गुरुको आशीर्वादको रूपमा ग्रहण गरेको प्रसङग समेटिएको छ । आठौं र नवौं सर्गमा दीक्षान्त समारोहमा आफ्नो शस्त्रास्त्र कौशल देखाउन खोज्दा कर्णलाई राजा वा राजकुमार नभएको भनी कृपाचार्यद्वारा अनुमति दिइँदैन । दुर्योधनले कर्णलाई अङ्ग नरेश घोषणा गर्छन्, दसौं, एघारौं र बाह्रौं सर्गमा दरबार बिचको खिचातानी, कर्णको महत्ता र अर्जुनको कटु आलोचना गरिएको वर्णन पाइन्छ । युद्ध तयारीका प्रसङ्गहरू पनि समेटिएको छ । तेह्रौं सर्गमा कृष्ण र कर्ण बिच संवादको चर्चा गरिएको छ । चौधौं सर्गमा युद्ध प्रारम्भको विशाल वर्णन, अर्जुनको पीडा र कृष्णको सन्देशसँगै कथावस्तु अघि बढेको छ । साथै कौरव पक्षभित्र भीष्म र कर्ण विवादको वर्णन गरिएको पाइन्छ ।

पन्ध्रौँ सर्गमा कुन्ती वेदनाको चापमा रहेको प्रसङ्गको वर्णन गरिएको छ भने सोह्रौं सर्गमा कुन्ती र कर्ण बिचको संवाद, सत्रौं सर्गमा इन्द्रद्वारा कर्णको कुण्डल तथा कवज भिक्षा मागेको प्रसङ्गका साथै दुर्योधनको अन्तिम युद्ध मन्त्रणा सभामा कर्णले गरेको वचनबद्वताको प्रसङग समेटिएको छ । अठारौं सर्गमा कर्णलाई कौरव पक्षबाट सेनापति बनाइन्छ भने उन्नाइसौ सर्गमा कर्णको युद्ध कौशलको वर्णन एवं बिसौं सर्गमा अर्जुनले कर्णपुत्र वृषसेनको बध गरे पनि कर्णले आफ्नो सिकार बनिसकेका युधिष्ठिर र नकुललाई नमारेको प्रसङ्ग वर्णन गरिएको छ । एक्कइसौं सर्गमा दुर्योधनको शङ्का र कर्णको वचनबद्धताको वर्णन गरिएको छ । तेइसौं र चौविसौं सर्गमा कृष्णको षड्यन्त्र र जालझेलको आलोचना गरिएको छ । साथै युद्धमा धर्तीमा भाँसिएको रथ उठाउन लाग्दा अर्जुनले कर्णको बध गर्नु र मृत्युशय्यामा लडेका कर्णको अर्जुनसँग अन्तिम संवादका साथै यस महाकाव्यको कथानक टुङ्गिएको देखिन्छ ।

महाकाव्यको अन्तिम सर्ग (उपसंहार) मा महाकाव्यकारले वर्तमान समाज र देशमा विद्यमान कुरीति, कुसंस्कारबाट पीडित जनताको मुक्तिको कामना गरेका छन् । नेपालमा रहेको राजनीतिक अस्थिरताको वर्णन पनि गरेको पाइन्छ । साथै कविले शान्तिपूर्ण एवं समुन्नत राष्ट्रको परिकल्पना गरेका छन् ।

## ४.४ चरित्र विधान

महाकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व पात्र तथा चरित्र विधान हो । कथावस्तुलाई विस्तार गर्न यसको महत्त्वपूर्ण भूमिका रहन्छ (अवस्थी, २०६४:२१) । महाकाव्यमा चरित्रले नायक नायिका सहित सम्पूर्ण पात्र-पात्राहरूलाई बुझाउँछ । पूर्वीय महाकाव्य मान्यता अनुसार महाकाव्यको नायक उच्चकुलको शूरवीर, धैर्यवान, क्षमतावान् राजर्षि गुणले युक्त हुनु पर्छ । धीरोदात्त, धीर ललित, धीर प्रशान्त र धीरोद्धत्त गरी चार प्रकारका नायकमध्ये कुनै एक प्रकारको नायक हुनुपर्छ (सिग्देल, २०५८:१२१) । पाश्चात्य सिद्धान्त अनुसार नायकमा कुनै न कुनै मानवीय दुर्वलता हुनुपर्छ जसले गर्दा काव्य दुःखान्तको कारक बन्न सकोस् (सुवेदी, २०३१:२-४) । यसरी पूर्वीय आचार्यहरू नायकमा मानवीय दुर्बलता हुन नहुने कुरा गर्दछन् भने पाश्चत्य आचार्यहरू चाहिं पात्रको अपकर्ष देखाउनु पर्ने विषयलाई मान्दछन् ।

कर्ण महाकाव्यको प्रमुख पात्रको रूपमा यस महाकाव्यको नायक कर्ण रहेका छन् । साथै अन्य पात्रहरूमा कुन्ती, अधिरथ, राधा, दुर्वासा, परशु राम, कृष्ण, अर्जुन आदि रहेका छन् । यसै गरी महाकाव्यकारले प्रकृतिका विविध पक्षलाई पनि यस महाकाव्यमा पात्रका रूपमा उभ्याएका छन् । साथै नेपालमा मनाइने दसैं, ल्होसार, देउडा आदि चाडपर्वको पनि वर्णन गरेको पाइन्छ । सांस्कृतिक पक्षको पनि रोचक चित्रण गरेका छन् । कर्ण महाकाव्यमा प्रयोग भएका स्त्री तथा पुरुष पात्रहरूलाई मुख्य, सहायक र गौण, पुरुष र महिला, व्यक्तिगत र वर्गीय आदि विविध तरिकाले वर्गीकरण गर्न सकिन्छ । यहाँ मुख्य र सहायक पात्रका रूपमा कर्ण महाकाव्यको चरित्र-चित्रण गरिएको छ ।

### ४.४.१ कर्ण

पूर्वीय एवं पश्चिमी महाकाव्य चिन्तकहरूले महाकाव्यको नायक महान्, वीर, उदात्त, भद्र किसिमको हुनु पर्ने कुरा बताएका छन् । पूर्वीय महाकाव्य मान्यता अनुसार यस महाकाव्यको नायक सहनशील, गम्भीर, विशाल हृदय भएको धीरोदात्त नायकका रूपमा देखिएको पाइन्छ । पाश्चात्य मान्यता अनुसार यस महाकाव्यको नायकको अवसान दुःखान्तमा भएको छ । कुन्तीको कुमारी अवस्थामै यस काव्यका नायक कर्णको जन्म भएको देखिन्छ । जन्मदानै लोकलज्जाका कारण कुन्तीले नदीमा बगाए पछि निःसन्तान अधिरथ र राधाले कर्णको पालन पोषण गरेको देखिन्छ । यसले गर्दा नायकको बाल्यकाल रहस्यपूर्ण रहेको छ । यति भएर पनि प्रतिभावान् कर्णले बाल्य अवस्थामै गुरु द्रोणाचार्यले दीक्षा नदिने घोषणा गरे पनि द्रोणाचार्यकै गुरु परशु रामबाट सम्पूर्ण शस्त्रास्त्र विद्या हासिल गरेको देखिन्छ । कर्ण आत्मप्रशंसा नगर्ने, संयमी, दानी एवं प्रतिभावान् भएकै कारण महाभारतमा कर्णको चर्चा भएको पाइन्छ । धैर्यशील एवं वीर पुरुष कर्ण जनताको प्रतिनिधिका रूपमा शासक वर्गका विरूद्ध आबाज उठाउने र चुनौती दिने शक्तिशाली सशक्त पात्र हो । उसमा पिछडिएको अन्यायमा परेका जनताको पक्षधरता बाहेक कुनै स्वार्थ र लोभको भावना देखिँदैन कविले वीर पुरुष कर्णको परिचय यसरी दिएका छन् :

कर्ण ,
धपाउन नसकिने जनता
हड्डीजस्तो
ढुङ्गाजस्तो तर चेतना मिसिएको!
ज्ञान र क्षमतासहितको
बैभवशाली–लौहपर्वत
ऊ फुट्दैन
उसलाई फुटाउन चाहन्छ सत्ता
कहिले कुन्ती भएर
कहिले कृष्ण र अर्जुन भएर
कहिले समय भएर
तर
प्राकृतसत्य खोलाहरू
प्राणदान दिइरहन्छन्
कर्णहरूलाई,
कर्ण बाँच्छन्
र
चुनौती बाँचिरहन्छ दरवारको ।
(१०/१२)

वीर पुरुष कर्ण सदा परिवर्तनका पक्षमा उभिएको पाइन्छ । क्षमतावान् भएर पनि कर्णलाई तत्कालीन दरबारियाहरूले अन्यायपूर्ण व्यवहार गरेको देखिन्छ । अर्जुनलाई सर्वश्रेष्ठ धनुर्धर घोषणा गरी कर्णको उपहास गरेपनि कर्णले दरबार विरूद्ध चुनौती दिँदै आएको प्रसङ्ग रोचक ढङ्गले प्रस्तुत गरेको पाइन्छ । त्यसपछि कर्णलाई दुर्योधनले

अङ्गदेशको राजा बनाएका छन् । कौरव पाण्डवहरू बिचको युद्धमा कर्णले धैर्यशील एवं वीर पुरुषका रूपमा आफ्नो परिचय स्थापित गरेपनि कृष्णको कुटिल नीतिले गर्दा अर्जुनको प्रहारवाट कर्णको मृत्यु देखाइएको छ । नायक कर्ण परिस्थितिले निर्मित पात्रको रूपमा देखा परेका छन् । कर्णले जीवन भोगाइका क्रममा जुन परिस्थितिको सामना गर्नु परेको छ । त्यसको वर्तमान सापेक्ष चित्रण गरिएको देखिन्छ । कर्ण जनपक्षीय शोषित वा सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने दृढ सङकल्पित पात्र हो । महाकाव्यको पहिलो सर्गदेखि अन्त्यसम्म नै कर्णको सशक्त उपस्थिति रहेको छ । समग्रमा युद्धवीर, दानवीर, उदात्त, निर्भिक, जनपक्षीय प्रतिनिधि पात्रका रूपमा कर्ण देखिन्छन् ।

### ४.४.२ कुन्ती

कुन्ती यस महाकाव्यकी अर्की महत्वपूर्ण पात्र हुन् । कुमारी अवस्थामा नै गर्भ धारण गरेपछि समाजको अवहेलनाबाट बच्न कुन्तीले जन्मँदै छोरोलाई नदीमा बगाउँछिन् । छोरो बगाए पछि उनी मानसिक रूपमा विचलित देखिन्छिन् । आफ्नो इच्छा अनुसार जोसुकैलाई पनि आह्वान गरेर बोलाउन सक्ने आर्कषिणी मन्त्र पाएकी कुन्तीको विवाह पाण्डुसँग भएको छ । पाँच पाण्डवकी आमा कुन्ती आफ्नै छोरा बिचको युद्धले पीडित पात्र हो । छोराहरू बिचको युद्ध रोक्न नसक्दा कुन्ती निराश भएर आफूलाई अभागी ठान्छिन् । महाकाव्यको दोस्रो र तेस्रो सर्गमा कुन्तीले कुमारी अवस्थामै गर्भ धारण गरी जन्मिएको शिशुलाई गङ्गामा बगाउनु जस्ता प्रसङ्ग समेटिएका छन् । सोहौं सर्गमा कर्णसँगको संवादको प्रसङग रहेको छ । यसरी दुःख, पीडा बिचमै कुन्तीको जीवन व्यतित भएको पाइन्छ ।

### ४.४.३ अधिरथ र राधा

यस महाकाव्यका नायक कर्णलाई कर्म दिने आमा बाबुको रूपमा अधिरथ र राधा रहेका छन् । निःसन्तान यी दम्पतिले कर्णलाई गङ्गामा बग्दै गरेको पाए पछि स्नेहपूर्वक घरमा ल्याई पालन पोषण गरी हुर्काउँछन् । चौथो र पाँचौ सर्गमा यी पात्रहरूको सशक्त उपस्थिति रहेको छ । कर्णलाई सुख सुविधा दिएर उसको शिक्षादीक्षा लिने इच्छालाई साकार तुल्याउन सहयोग पुऱ्याएका छन् । अधिरथले जीवनभर रथको सारथि भएर जीविका चलाउनु परेपनि कर्णलाई उसको इच्छा अनुकूलको वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउने सत् पात्रका रूपमा देखिएका छन् ।

### ४.४.४ परशु राम

कर्णको गुरुका रूपमा परशु रामको चित्रण गरिएको छ । ब्राह्मण जातिलाई मात्र शिक्षा दिने जातीय द्वेष एवं सङ्कीर्णता परशुराममा विद्यमान देखिन्छ ।

### ४.४.५ कृष्ण

यस महाकाव्यमा कृष्ण नायकको विपक्षमा र अर्जुनको सहयोगीका रूपमा उभिएका छन् । पाण्डवहरूको पक्षमा वकालत गर्दै अजुर्नको सारथि बनेर युद्धमा सहभागी भएका छन् । पाण्डव र कौरव बिच युद्ध हुनुभन्दा अगाडि कृष्णले कर्णलाई तिमी कुन्तीको ज्येष्ठ सुपुत्र हौ तसर्थ हस्तिनापुरको राजा होऊ भनी आग्रह गर्दै

कर्णसँगको संवाद महाकाव्यको तेह्रौं सर्गमा कृष्णाको उपस्थिति सशक्त रूपमा रहेको छ । कौरव पाण्डव विचको युद्धमा पाण्डवहरूको अगुवा व्यक्तिका रूपमा कृष्ण रहेका छन् । अर्जुनको सारथिको रूपमा रहेर युद्धमा सहयोग पुऱ्याउँछन् । यसरी यस महाकाव्यमा कृष्ण प्रतिरोधी पात्रका रूपमा उनको चित्रण भएको देखिन्छ ।

### ४.४.६ अर्जुन

कर्ण नायक जस्तै पराक्रमी वीर पुरुष पात्रका रूपमा अर्जुन रहेका छन् । उनी दरवारियाहरूको प्रतिनिधित्व गर्ने पात्रका रूपमा रहेका छन् । गुरु द्रोणाचार्यको नजरमा सर्वोत्कृष्ट शिष्यका रूपमा ऊ रहेको छ । कौरव र पाण्डव बिचको युद्ध सुरु हुन लाग्दा विपक्षमा आफ्नै गुरु, भाइ बन्धुहरूलाई देखेपछि युद्ध नलड्ने इच्छा प्रकट गर्दा कृष्णाले युद्ध गर्नु नै पर्छ भनी उपदेश दिएका छन् । यसरी अर्जुन कृष्णाको इच्छा अनुसार कार्य गर्ने पात्रका रूपमा रहेको पाइन्छ । अर्जुनले नै यस महाकाव्यका नायक कर्णाको बध गरेका छन् । महाकाव्यमा आठौं सर्गमा दीक्षान्त समारोहका प्रसङ्गमा अर्जुनको उल्लेख भएको पाइन्छ । नवौँ सर्गमा अर्जुनलाई सर्वोत्कृष्ट धनुर्धारी घोषणा गरेपछि कर्ण चुनौती दिँदै आएपछि अर्जुनको कर्णसित वादविवाद भएको प्रसङ्ग रोचक ढङ्गले वर्णन गरिएको छ । उन्नाइस सर्ग देखि चौविसौं सर्गमा अर्जुनको उपस्थिति सशक्त रूपमा रहेको छ । यसरी दरवारियाहरूको प्रतिनिधिमूलक पात्रका रूपमा अर्जुन रहेको देखिन्छ ।

यसका अतिरिक्त पाण्डवहरूको गुरुका रूपमा द्रोणाचार्यको प्रसङ्ग पनि रोचक रहेको छ । साथै कृपाचार्य, दुर्वासा, भीष्म, सूर्य, इन्द्र आदि सहायक पात्रका रूपमा रहेका छन् । माथि उल्लेखित यिनै पात्रहरू नै प्रस्तुत महाकाव्यका प्रमुख र सहायक पात्रका रूपमा प्रयोग भएको पाइन्छ ।

## ४.५ रस विधान

काव्यका सन्दर्भमा रस भनेको मानव हृदयमा भाव संवेदनालाई जगाउने र संवेदनशील हृदयले गर्ने रमणीय अनि आह्लादकारी अनुभूति हो । (मिश्र, २०६०:१५०) विभाव, अनुभाव, सञ्चारीभाव तथा स्थायीभावको सामूहिक सम्मेलनबाट अनुभूति भन्दा विलक्षण अपूर्ण आनन्दमय विशिष्ट अनुभूति रस हो (सिग्देल, २०५८:१४४) । पूर्वीय काव्य सिद्धान्त अनुसार महाकाव्यमा नौ ओटै रसको प्रयोग हुनु पर्छ । त्यसमा शृङगार, वीर र शान्त रसमध्ये कुनै एक रस अङ्गी रसका रूपमा र अन्य अङ्ग रसका रूपमा रहनु पर्ने धारणा पाइन्छ ।

कर्ण महाकाव्यका सम्पूर्ण सर्गहरूको अध्ययन गर्दा उत्साह स्थायी भाव भएको वीर रसनै अङ्गी  रसका रूपमा रहेको पाइन्छ । महाकाव्यभरि करुण, रौद्र, शृङ्गार, भयानक लगायत अन्य रसहरू अङ्ग रसका रूपमा प्रयोग भएका छन् । यस महाकाव्यमा रसमय बनेर प्रयोग भएका केही श्लोकहरू उदाहरण स्वरूप निम्नानुसार साभार गरिएका छन् :

### *वीर रस*

शत्रु वा प्रतिपक्षको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ । उत्साह स्थायी भाव भएको वीर रसमा उत्साहको विषय आलम्बन विभाव र उद्दीप्त विषयका चेष्टा महत्त्वहरू उद्दीपन विभाव हुन्छन् भने सञ्चारी भाव चाहिँ धृति,स्मृति, गर्व आदि हुन्छन् । तलको श्लोकमा उपर्युक्त भावहरुको समन्वित उपस्थिति देखिन्छ ।

मान्छे एक अनेक कर्म उसको यस्मै छ सानो ठुलो
आफ्नै पौरख साहसी श्रम कथा को भन्छ धर्ती धुलो
धर्तीको हितनिम्ति क्रान्ति नगरी मिल्दैन साँचो सुख
धर्तीको ऋण तिर्छु है रगतले धोएर आफ्नो मुख ।
(६/९६)

यहाँ मान्छे आलम्बन, कर्म, पौरख आदि उद्दीपन, धर्तीको हितका निम्ति क्रान्ति अनुभाव र कर्णको उत्साह स्थायी भाव वीर रस बनेर अभिव्यक्त भएको छ ।

अग्लो लेक पहाड पूर्ण वन वा जङ्घार खोला तर
मान्छे हो अब लम्क, चम्क बलको बाढी बगाई झर
को मर्दैन र एक सूक्ष्म छिनमा पुग्दैन को आखिर
मीठो मृत्यु हओस् न देश हितमा के डर्नु, भाग्नु छ र ?
(७/८७)

यहाँ पार गरिने पहाड, खोला आलम्बन, बल आदि उद्दीपन, देश हितका निम्ति मृत्यु अनुभाव र गर्व व्यविचारी भाव भई वीर रस अभिव्यक्त भएको छ ।

यस्तै निम्न लिखित श्लोकहरूमा पनि वीर रस सशक्त रूपमा अभिव्यक्त भएको देखिन्छ । जस्तैः
हामी दरबारका छोरा हामी वीर विशाल हौं
युद्धका निम्ति जन्मेका युद्ध गर्न सिपालु छौं ।
(९/२८)

यस श्लोकमा अर्जुनले कर्णलाई आफू र आफ्नो दरबार शक्तिशाली रहेको परिचय दिएका छन् । अर्जुन लगायत पाण्डवहरू आलम्बन, वीरताको बखान उद्दीपन, युद्ध आदि अनुभाव र गर्व सञ्चारी भाव भई वीर रस अभिव्यक्त भएको छ । यस्तैः

हिंडाइको चाल
बोलाइको भाव
गम्भीर दृष्टि तर्कना
युद्ध पोशाकमाथि अर्कै केही मिसिएझैं

मुस्कान फुटेर ऋषित्व चुहिएझैं यज्ञमा
दानका वीर, वीरवर कर्ण ।
(२०/७)

छातीको कवज इन्द्रले मागे पनि कुनै दिन
कानको कुण्डल याचना गरे पनि
लुटे पनि इन्द्रले ऋषिभेषमा
छली बनेर ! कर्णको सामु !
निस्तेज छैन कर्ण
कर्ण कमजोर छैन
सभ्यता कोरल्ने युगपुरुषझैं
दिएर नरित्तिने सागर
क्षय गरेर सन्चय हुने पुरुषविम्ब
युद्ध मैदान जसलाई पर्खिरहेछ !
(२०/८)

उपर्युक्त श्लोकमा कर्णलाई दान वीर एवं गम्भीर युग पुरुषका रूपमा चित्रण गरिएको छ । वीर रसका चार प्रकार मध्ये दान वीरका रूपमा वीर रस अभिव्यक्त भएको छ ।

### *रौद्र रस*

गुरुजन वा आफ्ना आफन्त जनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा रौद्र रसको अभिव्यक्ति हुन्छ । क्रोध स्थायी भाव भएको रौद्र रसमा शत्रु आलम्बन, शत्रुको प्रहार आदि उद्दीपन, ओठ टोक्नु रातो मुख पार्नु, हतियार उठाउनु आदि अनुभाव र उग्रता, आवेग आदि सञ्चारी भाव हुन्छन् । जस्तैः

अर्जुन अहङ्कार आगो भएर उठ्यो
धनु ताने, ताँदो छिनाए
रातो मुहारले उपहास गरे कर्णको
फन्को मारे सभास्थल
सहानुभूति बटुल्न खोजे सभाको
दरवारपुत्र हुनाको घमण्ड पोखियो-
कर्णमाथि अनादर, अनास्था र यस्तैयस्तै .............
(९/४४)

यहाँ अर्जुन आलम्बन, उनको अहङ्कार आदि उद्दीपन, रातो मुहार, धनु तान्नु आदि अनुभाव र आवेश आदि सञ्चारी भाव भई क्रोध स्थायी भाव भएको रौद्र रस अभिव्यक्त भएको छ । यस्तैः

झर्केर द्रोणले बोले फर्केर कर्णका तिर
सन्केर सर्सरी आगो बल्लाझैं रूपझर्झर ।
(५/५४)

यस श्लोकमा द्रोणाचार्य आलम्बन, उनको कठोर बोली आदि उद्दीपन, सन्किनु, आगो हुनु अनुभाव र आवेग उग्रता आदि सञ्चारी भाव भई क्रोध स्थायीभाव भएको रौद्र रस अभिव्यक्त भएको छ। यस्तैः

राजकुमारका निम्ति द्रोणको परिकल्पना
रेखाभित्र नआ गैजा तँलाई छैन आसन्।
(९/५७)

मान्छेबीच गराउने फरक जो देखाउने खिन्नता
छातीबाट विराट भेद छ जहाँ देखाउने भिन्नता
मुर्दावाद म भन्छु, भन्दछु सदा यो नीति तोड्दिन्छु म
उस्तै चाल सधैं रहन्छ त भने आकाश फोर्दिन्छु म।
(५/९१)

यहाँ मान्छे बिचनै भेदभाव गराउने नीति परम्पराप्रति कर्णको आक्रोश चरममा पुगेको छ। यसरी तोड्नु, फोर्नु जस्ता अनुभाव र उग्रता, आवेग जस्ता सञ्चारी भाव भई कर्णको क्रोध स्थायी भाव भएको रौद्र रस व्यक्त भएको छ।

**करुण रस**

पुत्रहरू बिच झगडा आदि प्रियजनसितको वियोग वा तीनको विपत्ति वा मरण देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ। शोक स्थायी भाव भएको करुण रसमा विनष्ट बन्धु, वस्तुहरू आलम्बन, आलम्बनको दाहादि अवस्था उद्दीपन, रुनु, कराउनु, लड्नु आदि अनुभाव, निर्वेद, ग्लानि आदि सञ्चारी भाव हुन्छन्।

गइन् कुन्ती आफ्नो दुखित दिलको द्वार जगत
भनिन् आफ्ना सारा विरहमय त्यो दुष्ट विगत
रुँदै बोल्दै खोल्दै कुन किसिमको बन्धन थियो
थियो साँचो त्यल्ले हरतहको उल्झन दियो।
(१५/३३)

यहाँ कुन्ती आलम्बन, उनको पीडा उद्दीपन, रुनु, दुखित दिल आदि अनुभाव र विषाद आदि व्यभिचारी भाव भई शोक स्थायी भाव करुण रस बनेर व्यक्त भएको छ। यस्तै :

सुन्नु चित्कार आँखाले आँखामै फैलिई रुनु
अधीर मनले धीर बोली वचन पस्कनु।
छिया छिया हुने छाती छोपेर क्षणमै तर
युद्ध बर्बरता कालो बोल्नै पर्दछ बर्बर।
(२४/२,३)

गइन् कुन्ती आफ्नो हृदय तलको प्यास पीरको
लिई बाटोघाटो विकट वनको दुक्ख तीरको
जसै जल्ने बल्ने वदन मनको शून्य मनले
त्यसै आयो चिन्ता सबल बलको जीर्ण तनले ।
(१६/७०)

जब आमा स्वयम् बोल्छिन् याचना गर्दछिन कतै
कतै छोरासँगै रुन्छिन् शरणागत छिन् कतै ।
(१५/१२)

**भयानक रस**

भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयात्मक चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ । भय स्थायी भाव भएको भयानक रसमा डरलाग्दो स्वरूप आलम्बन, आलम्बनका चेष्टाहरू उद्दीपन मुखको वर्ण बदलिनु, रोमाञ्च, कम्प आदि अनुभाव, त्रास, आवेग, दैन्य आदि सञ्चारी भाव हुन्छन् ।

अनिष्ट आगमनझैं
सन्ध्या धसिएर हिमालतिर
अँध्यारो भागेझैं मैदानमा
कर्ण बलेको दीपझैं उज्यालो छरेर उभिए ।
शिर झुक्यो कुन्तीको
स्वयं कुन्तीलाई थाहा छैन
किन झर्छ कोरिएको कपाल बोक्ने शिर ।
(९/१२)

यहाँ कर्ण आलम्बन, उनको भयङ्कर आगमन उद्दीपन, कम्प आदि अनुभाव र शङ्का, त्रास आदि सञ्चारी भाव भई कुन्तीको भय स्थायी भाव भयानक रस बनी अभिव्यक्त भएको छ ।

***बीभत्स रस***

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्स रस हो । घृणा वा जुगुप्सा स्थायी भाव भएको बीभत्स रसमा घिनलाग्दो वा दुर्गन्धित वस्तु आलम्बन, दुर्गन्ध, विकृति आदि उद्दीपन, नाक थुन्नु वा खुम्च्याउनु, आँखा चिम्लिनु, मुख फर्काउनु, थुक्नु आदि अनुभाव तथा मोह, व्याधि आदि व्यभिचारी भाव हुन्छन् ।

सर्वश्रेष्ठ धनुर्धारी छिःछिः अर्जुन तैं छुसी
कति हैकम छाँट्लास र यो प्यारो धरती चुसी ।
(९/१०६)

यहाँ अर्जुन आलम्बन, छि:छि: आदि उद्दीपन नाक थुन्नु, थुक्नु आदि अनुभाव र आवेग आदि सञ्चारी भाव भएको वीभत्स रस अभिव्यक्त भएको छ ।

***शृङ्गार रस***

परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको प्रेम वर्णन भएमा शृङ्गार रस हुन्छ । संयोग र विप्रलम्भ गरी यसका दुई भेद हुन्छन् । रति स्थायी भाव भएको शृङ्गार रसमा नायक वा नायिका आलम्बन एकान्त ठाउँ, बगैँचा, वसन्त आदि उद्दीपन कटाक्ष दृष्टि, परस्पर हेराइ आदि अनुभाव र हर्ष, उन्मात, मद, स्वप्न आदि सञ्चारी भाव हुन्छन् । जस्तैः

उदाउँदो नयाँ सूर्य कमलो कल्कलाउँदो
पूरै धर्ती सिंगारूभैं लालिमा मुस्कुराउँदो ।
(२/४८)

यसरी महाकाव्यका सर्ग सर्गमा विभिन्न रसको अभिव्यञ्जना भए पनि कर्ण वीर रस प्रधान महाकाव्य हो । यस महाकाव्यमा आलम्बन विभावका रूपमा कर्णका उत्साहमूलक कार्य व्यापारका साथै तिनका मानसिक अवस्थाहरू नै रहेका छन् । उद्दीपन विभावका रूपमा तिनै नायक कर्णका उमेरगत एवं परिवेशगत अवस्थाहरू रहेका छन् । औदार्य, धैर्य, स्वेद जस्ता अनुभाव र धृति, गर्व, स्मृति आदि सञ्चारी भावका धरातलमा प्रस्तुत महाकाव्यमा वीर रस अङ्गी रसका रूपमा अभिव्यक्त भएको पाइन्छ । अन्य रसहरू अङ्ग रसका रूपमा व्यक्त भएका छन् । यस महाकाव्यमा मुख्य वीर रसनै आस्वाद्य बन्न पुगेको छ ।

## ४.६ उद्देश्य विधान

कुनै पनि साहित्यकारले कुनै न कुनै उद्देश्यका निम्ति साहित्य सिर्जना गरेको हुन्छ । त्यस्तै पूर्वीय महकाव्य चिन्तकहरूले महाकाव्यको उद्देश्य यस्तै हुनु पर्छ भनी किटाननै गरेका छन् । उनीहरूले पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) को अभिव्यक्ति गर्नु महाकाव्यको उद्देश्य हुनु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । उनले यी चार पुरुषार्थ मध्ये कुनै एक पुरुषार्थ प्रमुख रूपमा र अन्य सहायक रूपमा रहनुपर्छ भनी बताएका छन् (जोशी, २०५२:१३८) ।

कर्ण महाकाव्यको मूल उद्देश्य देशमा विद्यमान सामन्ती शोषण र गरिब जनताले भोग्नु परेको सामाजिक, राजनीतिक, आर्थिक एवं धार्मिक समस्या देखाउँदै तिनका विरूद्ध संघर्ष गर्ने अठोटका साथ परिवर्तनमुखी स्वतन्त्र एवं मुक्त समाज निर्माण गर्नु रहेको छ । समाजमा विद्यमान जातभात, छुवाछुत जस्ता रूढिवादी मान्यताको विरोध गरिएको देखिन्छ । आफ्नै मिहिनेत र परिश्रमले महान् वीर पुरुषप्रति महाकाव्यकारको धारणा यस्तो देखिन्छ ।

आफ्नो पौरखमा उठेर जसले संसार रङ्गाउँछ
तानी सूर्य प्रताप पौरखमुनि उल्लास जन्माउँछ
आफ्नै ताकत कुल्चिएर धरती आफैँ फुलेको मिठो
मेरो कर्ण सहस्र सज्जन सखा आदर्श यौटा ठिटो ।
(१/४१)

खोजी गर्नुछ चेतना हृदयमा मान्छे बनून् उत्सव
माटो मुछ्न सकून् बनून् सब सुखी साँचून मिठो वैभव
मान्छेका परिपूर्ण सुन्दर कथा सम्पूर्ण सम्मानित
चारैतर्फ खुली फुली रहरमा देखुँ म आलोकित ।
(१/४२)

माथिका श्लोकहरूमा आदर्श कर्णको व्यक्तित्वबाट प्रभावित कविले आफ्नै परिश्रम र मिहिनेतबाट उठेका सम्पूर्ण जनताबिच उल्लासमय वातावरण सिर्जना गरी सबै सम्मानित हुने समतामूलक समाजको निर्माण प्रस्तुत महाकाव्यको उद्देश्य रहेको देखिन्छ । त्यसका साथै समाजबाट प्रताडित प्रतिभावान् व्यक्तिहरूको उचित स्थान निर्धारण गर्न जन एकताबाट नै सम्भव हुन सक्दछ । त्यसैले यस महाकाव्यलाई वर्तमान समयको समाजिक एवं राजनीतिक यथार्थको काव्यिक प्रतिविम्बका रूपमा लिन सकिन्छ । कर्ण जस्ता प्रतिभावान् व्यक्तिहरूले खेप्नु परेको वर्गीय शोषण तथा असमान व्यवहारको वर्णन यस महाकाव्यमा भएको पाइन्छ । संघर्षलाई नै जीवन र धर्ती नै सबैभन्दा उच्च आदर्श हुन् अन्याय, अत्याचार, शोषण र दमनबाट मुक्तिका लागि सम्पूर्ण शक्तिको एकता आवश्यक पर्दछ । धैर्य, इमान्दार, कर्तव्यबोध जस्ता मानवीय गुणहरू क्रान्ति पुरुषमा हुनु पर्छ, उज्ज्वल भविष्य निर्माणकालागि जनएकता हुनै पर्छ आदि यस्ता अनेक सन्देशहरू यस महाकाव्यमा व्यक्त भएका छन् । यस महाकाव्यका नायकले परिवर्तनका लागि उल्लेख गरेका छन् । व्यक्तिगत इच्छा आकांक्षाभन्दा शोषित, पीडित, दमित जनसमूहको स्तर वृद्धिका लागि आन्दोलनरत देखिन्छन् । जस्तैः

खाली गोडा र नाङ्गा ती दुःखीका दुःखका कथा
भोकप्यास तथा गाँस झुप्रा र गाउँका व्यथा ।

विर्सेर जनता पङ्क्ति राज्य भन्नु हुँदैन है
सदा कठोर पाखण्ड राज्य बन्नु हुँदैन है ।
(१७/४३, ४४)

गाउँ सहर जे होला मान्छेको बीचमा पुग
सत्ताका श्रोत हुन् मान्छे तिनैका सामुमा झुक ।
(२४/४७)

यसरी गरिव, पीडित तथा दमित जन समुदायको मुक्तिका लागि एवं भेदभावरहित राष्ट्र निर्माणका लागि पाठकलाई प्रेरित गर्नु नै यस महाकाव्यको उद्देश्य देखिन्छ ।

## ४.७ युगवोधको अध्ययन

स्रष्टाले भोगेको जीवन भोगाइका महत्त्वपूर्ण घटनाहरूका साथै महाकाव्यमा प्रतिबिम्बित देश काल परिवेश वा परिस्थितिको चित्रण विशेषलाई युगबोध अन्तर्गत राख्न सकिन्छ ।

कर्ण महाकाव्य लेखनको समयावधि सात-आठ वर्ष रहेको छ । २०५८ सालदेखि सुरू गरेको यो महाकाव्य २०६६ मा प्रकाशित भएको हो (शोधार्थीः शोध नायकबाट प्राप्त जानकारी) । यस महाकाव्यको कथावस्तुले महाकाव्यकारको जीवन भोगाइलाई पनि प्रतिविम्ब गरेको छ । कर्णले शस्त्रास्त्र कौशल प्रदर्शन गर्न नपाउनु, दरबारियाहरूले कर्णप्रति गरेको व्यवहारहरूको वर्णनमा महाकाव्यकारकै जीवन भोगाइका क्षणहरू अन्तर्निहित छन् । यस महाकाव्यले २०६२/०६३ सालको जन आन्दोलन अघि र पछिको समयमा नेपालमा घटित सामाजिक तथा राजनीतिक घटनाहरूलाई समेटेको देखिन्छ । महाभारत कालीन वीर पुरुष कर्णको कथालाई वर्तमान समय सापेक्ष ढङ्गले व्यक्त गरिएको छ । कर्णलाई जन्मदै नदीमा बगाइयो आज पनि कुपोषण वा खान नपाएर कति बाल बालिकाहरू अकालमै मरेका छन् कर्णले द्रोणाचार्य कहाँ पढन पाएनन्, आज पनि धेरै जनसमुदाय पढ्नबाट बञ्चित छन् । कर्णलाई प्रतिष्पर्धा गर्ने नदिएर अर्जुनलाई सर्वश्रेष्ठ धनुर्धारी घोषणा गरियो, आज पनि प्रतिभावान्हरू पछि परेका छन् । पछि उनलाई छल गरेर मारियो आज पनि क्षमतावान्हरूको प्रतिभाको हत्या गरिएकै छ । कर्ण कथा महाभारत कालीन भए पनि वर्तमान समयमा पनि ती घटनाहरू घटि रहेका छन् । कर्णले भोग्नु परेका पीडाहरू हालसालै जनताहरूले भोग्नु परेका पीडा जस्ता देखिन्छन् ।

यस काव्यमा अतीतको गाथा नेपालीकरण भएको छ । त्यो हस्तिनापुरको कथा हो, गंगा तटदेखि महेन्द्राचल र अरू भूगोल आइ रहन्छन तर ती कति चित्र नेपालमा भएका छन् (भट्टराई, २०६६:१२) । जस्तै

वीरता, खुकुरी हैन, वीरता मनको बल
खुकुरी पनि राखेर बन्छ जीवन उज्वल ।
(५/७७)

छापामार तथा मार कमान्डो युद्ध कौशल
युद्धनीतिहरू जम्मै आजै सिक्ने विचार छ ।
(६/१४)

कवि लम्सालले समाजमा देखेका र भोगेका घटनाहरूको सफल चित्रण गरेका छन् । महाकाव्यकारले आफ्नो जीवन भोगाइका कममा प्राप्त गरेका सुख-दुःखको अनुभवका साथै समाजका शोषित पीडित जनताका कथालाई पौराणिक विषय वस्तुमा मिश्रण गरी वर्तमान युगसापेक्ष काव्य कथाको निर्माण गरेको देखिन्छ ।

## ४.८ संरचना

महाकाव्यको आन्तरिक बुनोट एवं बाह्य बनोटलाई संरचना भनिन्छ । संरचना बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य संरचना अन्तर्गत छन्द विधान, सर्ग योजना आदि तथा आन्तरिक संरचना अन्तर्गत भाव विधानलाई लिन सकिन्छ ( पोखरेल, २०६१:१६१) । कर्ण महाकाव्य जम्मा २८५ पृष्ठमा संरचित छ । यो महाकाव्य एक प्रस्तवना खण्डदेखि २४ सर्ग एवं एक उपसंहार सहित २५ सर्गमा सङ्गठित भएको छ । यी २५ ओटै सर्गमा गद्य कविता पनि रहेका छन् । प्रत्येक सर्गमा रहेका श्लोक संख्यालाई तल प्रस्तुत गरिन्छ :

| क्र.सं. | सर्ग | श्लोक संख्या |
|---|---|---|
| १ | पहिलो | ४८ |
| २ | दोस्रो | ६८ |
| ३ | तेस्रो | ५४ |
| ४ | चौथो | ४६ |
| ५ | पाँचौं | ९३ |
| ६ | छैटौं | ९७ |
| ७ | सातौं | ८८ |
| ८ | आठौं | ७८ |
| ९ | नवौं | १०८ |
| १० | दशौं | ५२ |
| ११ | एघारौं | २४ |
| १२ | बाह्रौं | ३६ |
| १३ | तेह्रौं | ५३ |
| १४ | चौधौं | ४४ |
| १५ | पन्ध्रौं | ३३ |
| १६ | सोह्रौं | ७० |
| १७ | सत्रौं | ६५ |
| १८ | अठारौं | ३८ |
| १९ | उन्नाइसौं | ३४ |
| २० | बिसौं | ५२ |
| २१ | एक्काइसौं | ८० |
| २२ | बाइसौं | ६३ |
| २३ | तेइसौं | १०४ |
| २४ | चौबिसौं | ५२ |
| २५ | पच्चिसौं | ३४ |
| | | १५१४ |

यसरी कर्ण महाकाव्यको सर्ग निर्माण भएको देखिन्छ । महाकाव्यको आन्तरिक संरचना अन्तर्गत भाव विधान पर्दछ । कर्ण महाकाव्यमा उत्साह, स्मृति, गर्व, धृति आदि भावहरूको प्रयोग भएको छ ।यसले गर्दा महाकाव्य वीररस प्रधान बन्न पुगेको छ । समग्रमा यस महाकाव्यको संरचना सवल रहेको देखिन्छ ।

## ४.९ भाषाशैली

महाकाव्यमा युग र जीवनको विराट प्रस्तुति रहने हुनाले यसको भाषा स्तरीय, महाकाव्योचित र शैली सुदृढ, सुसङ्गठित, श्रुति मधुर र गरिमामय हुनु पर्दछ । पूर्वीय आचार्यहरूले महाकाव्यमा अलङ्कार र समृद्धिपूर्ण भाषिक शैलीको अपेक्षा गरेको पाइन्छ जुन रस भावानुसारी हुनु वाञ्छनीय छ (अवस्थी, २०६४:२४) ।

पाश्चात्य धारणा अनुसार महाकाव्यमा क्षुद्र शब्दावलीको प्रयोग नगरी उच्च र प्रसाद गुणयुक्त शब्दहरूको प्रयोग हुनु पर्छ । महाकाव्यमा शब्दहरूको छन्दोबद्ध विन्यास हुनु पर्छ तर त्यस अनुसार एउटा षट्पदी (वीर) छन्द मात्र रहनु आवश्यक छ (पोखेल, २०६१:१०३) । महाकाव्यको भाषाशैली विशिष्ट हुनु पर्ने कुरामा पूर्वीय र पाश्चात्य दुवै तर्फका काव्यशास्त्रीहरू सहमत देखिन्छन् ।

कवि नवराज लम्सालले कर्ण महाकाव्यमा स्वच्छन्द भाषाशैलीको प्रयोग गरेका छन् यस महाकाव्यको भाषा सरल, सहज, एवं रसमय देखिन्छ । कविले यस महाकाव्यमा तद्भव, तत्सम, आगन्तुक शव्दहरूको प्रयोग गरेका छन् । त्यसमा पनि तद्भव शब्दको प्रयोगले गर्दा यो महकाव्य पठनका निम्ति सरल बनेको छ ।
त्यस्तै अनुप्रास जस्ता शब्दालङ्कार उपमा, उत्प्रेक्षा, रूपक आदि अर्थालङ्कार र माधुर्य, ओज, प्रसाद गरी तिनै गुणको प्रयोग भए तापनि सरलताको वाहक प्रसाद गुणको प्रयोगले यस महाकाव्यमा एउटा छुट्टै शैलीगत भव्यताको निर्माण भएको देखिन्छ ।

## ४.१० अलङ्कार विधान

महकाव्यको शोभा वर्द्धक काव्यिक तत्त्वलाई अलङ्कार भनिन्छ । मानव शरीरमा गहनाले शोभा दिए झैं अलङ्कारले पनि शब्दार्थमा शोभा बढाएर काव्यको सौन्दर्य विकास गर्न सहयोग गर्दछ । पूर्वमा अलङ्कार सम्प्रदायका आचार्यहरूले अलङ्कारलाई काव्यको महत्त्वपूर्ण तत्त्व मानेका छन् । साहित्यमा अलङ्कृत भाषा हुन पर्ने हुनाले अलङ्कार विनाको रचना विधवा स्त्री जस्तो आकर्षण शून्य हुने धारणा पूर्वीय आचार्यहरूको रहेको छ (ढकाल, २०५७:६८-७१) । अलङ्कार शब्द र अर्थ गरी दुई प्रकारका रहेका छन् ।

### ४.१०.१ शब्दालङ्कार

शब्दालङ्कारले शब्दमा आश्रित भएर काव्यमा चमत्कार प्रदान गर्दछ । यसभित्र अनुप्रास, यमक, श्लेष, वक्रोक्ति आदि पर्दछन् । यस महाकाव्यका अनेक सर्गमा रहेका श्लोकहरूमा शव्दालङ्कारको प्रयोग भएको पाइन्छ ।

***छेकानुप्रास***

अनेक व्यञ्जनको उही क्रममा एक पटक मात्र समानता भएमा छेकानुप्रास हुन्छ ।जस्तै :

चिन्ता के हो चिन्तना के छ अर्थ ?
सारासारा वीरता हुन्न व्यर्थ
मर्ने मार्ने मृत्युको जन्म ठाँउ
आमा तिम्रै शक्ति बोकेर जाउँ ।
(१/६)

यी माथिका पङक्तिमा के-के, रा-रा., ने-ने र ति-ति को एक-एक पटक आवृत्ति भएकाले छेकानुप्रास अलङ्कार भएको छ ।

यो सम्साँझ थियो नयाँ चरणको सत्ता फुटेको थियो
साक्षी थे जनता र विज्ञहरू थे वेला जुटेको थियो
राजा वा जनता र विज्ञ विधिका वा तत्त्व वेत्ताहरू
वेत्ता भेद बुझेर बैभव बुझून् चर्कन्छ सत्ता अरू ।
(९/९२)

माथिका पङक्तिमा को-को, थे-थे, वा-वा र बु-बु को एक-एक पटक आवृत्ति भएकाले छेकानुप्रास अलङ्कार भएको छ ।

**वृत्यानुप्रास**

एक वा अनेक पटक एक व्यञ्जनको आवृति भएमा वृत्यानुप्रास हुन्छ । जस्तै :

कुन्तीले कर्ण त्यागेकी लोकलज्जा लुकाउन
पच्छ्यौरीले पुछिन् आँसु सकिनन् सौँच्चिकै रुन ।
(३/९)

माथिको श्लोकमा 'क', 'ल', 'न' जस्ता व्यञ्जनहरूको अनेक पटक आवृत्ति भएको छ ।

***अन्त्यानुप्रास***

पङक्तिको आधा वा पाउको अन्तमा अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ। कर्ण महाकाव्यमा अन्त्यानुप्रासको अधिकांश प्रयोग भएको देखिन्छ । जस्तै :

चीसो हो सबतर्फ मार्ग महिना चीसै हुरीको कथा
च्यापी सुक्क मुसुक्क भाव बटुली तीखो छुरीको कथा
पर्खी बस्न सकिन्न बास नजिकै टाढा दुरीको कथा

भान्सा एक अनेक भोकहरूको योटै धुरीको कथा ।
(२३/२१)

यस उदाहरणमा प्रत्येक पङक्तिको अन्त्यमा कथा शब्दको प्रयोग भएकाले अन्त्यानुप्रास अलङ्कार रहेको पाइन्छ ।

### ४.१०.२ अर्थालङ्कार

शब्दमा नभएर अर्थमा चमत्कार ल्याउने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ (चतुर्वेदी, २०१३:३) । यो शब्दको अर्थमा आधारित हुन्छ र यसले शब्दको अर्थगत चमत्कारबाट काव्य सौन्दर्य उत्पन्न गर्छ । यसमा अर्थ वा उक्तिको वैचित्र्य हुन्छ । यस अन्तर्गत उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, अर्थान्तरन्यास, अतिशयोक्ति आदि पर्दछन् । यस महाकाव्यमा भएका केही महत्त्वपूर्ण अर्थालङ्कारलाई तल प्रस्तुत गरिन्छ ।

***उपमा***

उपमेय र उपमानको कुनै धर्म विशेषले तुल्यता वर्णन गरिएमा उपमा अलङ्कार हुन्छ । उपमा अलङ्कार हुनका लागि उपमान, उपमेय, सादृश्यवाचक शब्द, साधारण धर्म गरी चार ओटा तत्त्वको आवश्यकता पर्दछ (सिग्देल, २०५८:२१८) । यस अलङ्कारमा पूर्णोपमा, लुप्तोपमा, रसनोपमा, उपमेयोपमा र मालोपमा गरी पाँच भेद हुन्छन् । जस्तैः

जन्मियो सूर्यको पुत्र सूर्यझै झलझलाउँदो
त्यो बालो सूर्यझैं लाग्ने जो विहानै उदाउँदो ।
(२/६३)

यस उदाहरणमा सूर्य उपमान, पुत्र उपमेय, झैं सादृश्य वाचक शब्द र उदाउनु धर्म भएकाले उपमा अलङ्कार बनेको छ । यस्तैः

बालापन पाको जस्तो केही बुझे जस्तो
केही गर्ने धर्तीमाथि शक्ति झरे जस्तो ।
(५/१८)

यस्ता उपमा अलङ्कारहरूको प्रयोग कर्ण महाकाव्यका विभिन्न सर्गमा रोचक ढङ्गले गरिएको देखिन्छ ।

***रूपक***

उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा रूपक अलङ्कार हुन्छ । उपमेय र उपमानमा अभेद वा अभिन्नता देखाइने हुँदा यसमा वाचक शब्दको प्रयोग गरिँदैन । जस्तैः

विरेचन भयो चिन्ता खुसीको फैलियो जरा
तिमीभित्रै फुल्यो यस्को कुल वंश परम्परा ।
(६/६८)

यस उदाहरणमा विरेचन र चिन्ता, खुसी र जरा बिच अभेदमूलक आरोप गरिएकाले रूपक अलङ्कार भएको छ । यस्तै

अहङ्कारका विरुवाहरू
रूख देख्दैनन्
अहङ्कारका फिलिङ्गाहरू
आगो चिन्दैनन्
देख्दैनन्, चिन्दैनन् र त मासिन्छन्
मारिन्छन् आफै ।
(१०/३२)

आगो भो मन यो जल्यो हृदय यो हुङ्कार यो चेतना
कुन्तीमा कुल मर्म छैन मनमै आगो बलेको दिन
मीठो बैंस टिपेर सुन्दर हुने चोखो हुने सज्जन
छैनौ साथ कतै, कतैतिर बसी यो दुक्ख हेर्छौ किन ?
(११/२२)

उपर्युक्त श्लोकहरूमा अहङ्कार विरुवा, आगो र मन बिच अभेदमूलक आरोप गरिएकाले रूपक अलङ्कार बनेको छ ।

***उत्प्रेक्षा***

उपमेयमा उपमानको सम्भावना देखाउँदा प्रकट हुने अलङ्कारलाई उत्प्रेक्षा अलङ्कार भनिन्छ । जस्तैः

हाँसीखेली बढी आइन् बैशाखी फुलझैं गरी
पुरै राज्यभरी नौलो बहार फैलिएसरि ।
(२/३७)

यस उदाहरणमा कुन्तीलाई वैशाखी फुल र राज्यभरीको नौलो बहारको सम्भावना देखाइएकाले उत्प्रेक्षा अलङ्कार बनेको छ । यस्तै

बोलीबाट वाणी छुट्थे मुस्कानबाट मोती

तारावाजी तोते बोली ईश्वर बोल्ने हो कि ।
(५/८)

*अतिशयोक्ति*

कुनै पनि कुरालाई प्रभावशाली पार्न बढाइ चढाइकन कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति अलङ्कार हो । जस्तैः

किनबेच हुने सत्ता जुवा-व्यापार-जाँड हो
सत्तामा टाँसिने सत्ता सत्ताकै गलगाँड हो ।
(१३/४६)

यस उदाहरणमा सत्तालाई जुवा व्यापार, जाँड र गलगाँड भनी बढाइ चढाइ वर्णन गरेकाले अतिशयोक्ति अलङ्कार बनेको छ ।

यसरी यस महाकाव्यमा अलङ्कारको मध्यम प्रयोग भएको पाइन्छ । कर्ण महाकाव्य अलङ्कार विधानका दृष्टिले सौन्दर्य प्रबल नै देखिन्छ ।

## ४.११ छन्द विधान

वर्ण र मात्राको निश्चित संख्या र विश्रामको नियममा आधारित भई भावनालाई सूत्रात्मक प्रवृत्तिमा बाँध्ने तरिका नै वास्तवमा छन्द हो । पूर्वीय आचार्यहरूले महाकाव्यमा विविध छन्दको प्रयोग हुनुपर्ने कुरामा जोड दिएका छन् । विश्वनाथका अनुसार एकै सर्गमा विविध छन्दको प्रयोग गर्न सकिन्छ र सर्गान्तमा छन्द परिवर्तन गर्नु पर्दछ (जोशी, २०६५:११४)। पश्चिमी काव्यशास्त्रीहरूले चाहिँ महाकाव्य एउटै (वीर) छन्दमा रचिने कुरा बताएका छन् । कर्ण महाकाव्यमा गद्य-पद्य दुवैको सन्तुलित सम्मिश्रण पाइन्छ (वस्ती, २०६६:२५) । यस महाकाव्यमा एउटै सर्गमा अनेक छन्दको प्रयोग, सर्गान्तमा छन्द परिर्वतन गर्ने पूर्वीय महाकाव्य परम्पराको पालना भएको देखिन्छ यस आधारमा प्रस्तुत महाकाव्यको छन्द विधान महाकाव्यको भावमा अवरोधक नवनी सहायक वनेर आएको देखिन्छ ।

यस महाकाव्यमा १३ ओटा वर्णमात्रिक, एउटा गीति छन्द, एउटा गजलका साथै ४५२ गद्य अनुच्छेदको प्रयोग भएको पाइन्छ । यस महाकाव्यमा प्रयोग भएका १३ ओटा वर्णमात्रिक छन्दहरु यस प्रकार रहेका छन् : शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, भुजङ्गप्रयात, मालिनी, अनुष्टुप्, पञ्चचामर, उपजाति, द्रुतविलम्वित, स्रग्धरा, वसन्ततिलका, शालिनी, पुष्पिताग्रा हुन् । एउटा सर्गमा एउटै छन्दको प्रयोग र सात ओटा छन्दसम्मको प्रयोग गर्ने प्रवृत्ति लम्सालले यस महाकाव्यमा देखाएका छन् । यसरी छन्द विधानका दृष्टिले कर्ण महाकाव्य सुगठितनै देखिन्छ । यस महाकाव्यमा प्रयोग भएका छन्दहरूका एकएक ओटा श्लोक यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिन्छ :

क) अनुष्टुप्

मेरो कर्ण तिमीलाई काव्यभित्र सजाउँछु
भनिने देउताभन्दा माथिकै देव पाउँछु ।
(१/४७)

ख) मन्दाक्रान्ता
भोलाभाला जनहृदयका देउता वा मनुष्य
तिम्रो मेरो सकल जनको मुक्ति मिल्ला अवश्य
यौटा बाटो विकट वनको छेउ यद्वा किनारा
देऊ आजै टुकुटुकु हिंडु बीच व्यर्थै नपार ।
(१/१)

ग) शालिनी
चिन्ता के हो चिन्तना के छ अर्थ ?
सारासारा बीरता हुन्न व्यर्थ
मर्ने मार्ने मृत्युको जन्म ठाउँ
आमा तिम्रै शक्ति बोकेर जाऊँ ।
(१/६)

घ) पञ्चचामर
नवीन मार्ग मार्गको समस्त रूप झल्कँदै
चुमेर मूल सृष्टिको अपूर्व ज्योति ढल्कँदै
फुकरे पत्र लालिमा छरेर रङ्ग ओर्लिदा
भएछ भब्य दृश्य त्यो नवीन रूप सर्वदा ।
(३/५४)

ङ) भुजङ्गप्रयात
जसै घाम पानी उसै जिन्दगानी
जसै फुल्छ आशा उसै जिन्दगानी
नयाँ भाव खोज्ने नयाँ जिन्दगानी
बिहानी अनौठो अनौठो कहानी ।
(४/४६)

च) शार्दूलविक्रीडित
मीठो ज्ञान प्रवाह छुटन नदिने मान्छे कुमान्छे तिमी
आफ्नै पौरखबाट उठन नदिने मान्छे कुमान्छे तिमी
पढ्नेबीच सँगै म बस्न नहुने अन्याय यत्रोविधि,
उस्कै निम्नि थुपार्नुपर्छ किन हो सत्कार त्यत्रोविधि ।
(५/८७)

छ) मालिनी
अधिरथ पनि फर्के जोसिला कर्ण फर्के

मनभरि अनिँदा ती तर्कना साथ फर्के
किन-किन मनका ती तर्क उत्साह फर्के
हृदय रस रसाइ चाहना चाह फर्के ।
(५/९३)

ज) स्रग्धरा
काहाँ होला नयाँ वा अविरल बहने जिन्दगीको मिठास
कहाँ मिल्ला र राम्रो सुपथ पथ दिने भव्य आशा सुवास
खोजी-खोजी नखोजी अभय वर दिने सत्य आकाश आश
जानीजानी नजानी तनमन बन वा वीरको वीर वास ।

झ) द्रुतविलम्वित
भ्रमर-गुञ्जन कूजन-कोकिल
मधुमती मनकी धनकी दल
धवल कान्ति नयाँ रचना घर
भुवनको उपमान मनोहर ।
(६/५)

ञ) उपजाति
यी कर्ण विद्या बलका पुजारी
स्वयं बनेका मनका विहारी
सदा सुखी छन् दुख दूर पारी
खुसी फुलेको प्रिय पूलवारी ।
(६/९७)

ट) पुष्पिताग्रा
तनमनधनको विचार बाँकी
सरल हृदयको असार बाँकी
सुख र सयलको कसार बाँकी
जय जय गुरूको विचार फाँकी ।
(७/८८)

ठ) शिखरिणी
गइन् कुन्ती आफ्नो दुखित दिलको द्वार जगत
भनिन् आफ्ना सारा विरहमय त्यो दुष्ट विगत
रूँदै बोल्दै खोल्दै कुन किसिमको बन्धन थियो
थियो साँचो त्यल्ले हरतरहको उल्झन दियो ।
(१६/७०)

ड) वसन्ततिलका
एकान्तमा र रणमा मन एक पारी

कर्तव्य कर्म युगको बीचमा उधारी
सङ्कल्पयुक्त रणपूर्ण समानदर्शी
सम्झी रहन्छ युगले पनि भोलिपर्सि ।
(१८/३८)

ढ) गीति
हाँसेर बोले दिलमा दैलो खुलेझैँ देखियो
मनको पीर युद्धको चिन्ता भुलेझैँ देखियो ।

ण) गद्य
ठुलो आवाज आयो मैदानमा
पर उँडे परेवाहरू
मन्दिरको गजुर ढल्यो- त्यतैकतै
टाढाबाट बाबु भनेको आवाज आयो
सबैले राधाको आवाज ठानेँ
बादल लाग्यो आकाशमा
छिनमै विलीन भए सूर्य ।

## ४.१२ शीर्षक विधान

महाकाव्यमा शीर्षक नायक, नायिका, परिवेश वा विषय वस्तुका आधारमा राख्ने गरिन्छ । शीर्षकबाट रचनाकारको विचार र सङक्षिप्त विषय वस्तुको सङ्केत पनि बुझ्न सकिन्छ ।

कर्ण महाकाव्यको विषय वस्तु पौराणिक रहेको छ । यसको शीर्षक हेर्दा कवि लम्सालले महाकाव्यको नायकका आधारमा शीर्षक चयन गरेका छन् । प्रस्तुत महाकाव्यका सुरूदेखि अन्त्यसम्म नै कर्णका गाथाको गान गरिएको हुनाले यस महाकाव्यको कर्ण शीर्षकले यसका मुख्य विषय वस्तुका साथै प्रबन्ध योजनासँग पनि सामाञ्जस्य राखेको पाइन्छ । यस आधारमा पनि कर्ण भन्ने नामकरणको सार्थकता सिद्ध भएको देखिन्छ । यस कममा प्रस्तुत महाकाव्यका विषय वस्तुको आदि भागको उठान गर्ने दोस्रो सर्ग देखि अन्त्य भागलाई विश्रान्त तुल्याउने चौबिसौं सर्गसम्म नै कर्णको उपस्थिति एवं क्रियाशीलता देखिने हुनाले यस महाकाव्यको 'कर्ण' शीर्षक सार्थक रहेको प्रमाणित हुन्छ ।

## ४.१३ गुण

आत्मामा रहने शौर्य, आदि जस्तै काव्यका आत्मभूत रस धर्मका रूपमा रहेको प्रसिद्ध तत्त्व गुण हो । गुणले काव्यको अन्तिम लक्ष्य रूप रसमा सुहाउँदो वर्णरचनाहरूले अभिव्यञ्जन गरी परिपुष्ट पार्ने काम गर्छ । रसको अन्तर्धारासँग गुणको अभेद्य सम्बन्ध रहेको हुन्छ । गुणलाई पूर्वीय आचार्यहरूले माधुर्य, ओज र प्रसाद गरी तिन प्रकारमा वर्गीकरण गरेका छन् (ढकाल, २०५७:१५८) ।

### *क) माधुर्य गुण*

रस अनुकूल वर्ण र रचनाद्वारा शृङ्गार, करूण र शान्त रस अभिव्यक्त हुँदा क्रोध आदि विशेष आवेशबाट मुक्त गरी आनन्दमय उद्‌बोधमा मग्न पारी सरस अवस्थामा राख्ने गुणलाई माधुर्य गुण भनिन्छ । ट, ठ, ड, ढ यी चार वर्ण बाहेक अरू व्यञ्जनसँग भएको संयोग, रेफ एवं नकार माधुर्य गुणका व्यञ्जक हुन्छन् ( सिग्देल, २०५८:२०३) ।

कर्ण महाकाव्यमा माधुर्य गुणयुक्त श्लोकहरू रहेका पाइन्छन् । माधुर्य गुणले युक्त पदहरूको प्रयोग भएको श्लोकलाई यहाँ उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

मान्छेसाथ हुनेछ गीत गरिमा राम्रा नराम्रा दुवै
मान्छेहीन भएर मात्र मनले बस्दैन मान्छे कतै
साँच्चै भन्छ तँ भन्न सक्छ यसरी त्यो मर्द त्यै पौरूष
तिम्रा पुत्र म मार्छु मर्छु म पनि हेरेर आमा बस ।
(१५/७)

### *ख) ओजगुण*

ओज भनेको चित्तलाई उरालेर प्रदीप्त अवस्थामा राखी विस्तृत गराउने गुण हो । ओजलाई वर्णका प्रथम द्वितीय (क, च, ट, त, प, ख, छ, ठ, थ, फ) वर्णाको तृतीय चतुर्थ (ग, ज, ड, द, ब, घ, झ, ढ, ध, भ) वर्णसँग संयोग ट, ठ, ड, ढ, ण, वर्ण, लामा लामा समास भएका रचनाहरू ओज गुणका व्यञ्जक हुन् (सिग्देल, २०५८:२०३) ।

कर्ण महाकाव्यका वीर रसयुक्त पदहरूमा ओज गुण प्रयोग भएको छ । उदाहरण स्वरूप

आगो बल्दछ युद्धमा रगतको बन्ने भयो सागर
यो बाहेक मिलाउने किसिमले देखिन्न अर्को तर
लड्नैलाई लडून् बढून् शिखरमा चढ्दै रहुन कुन्तला
ज्वालाको रूपबाट झर्झर बलोस् विक्षिप्त कालो कला ।
(१०/५२)

### *ग) प्रसाद गुण*

सुन्नेबित्तिकै अर्थबोध हुने सरल, सुबोध शव्द यस गुणका व्यञ्जक हुन् । यो गुण सबै रसमा एवं सबै किसिमका रचनामा पाइन्छ । कर्ण महाकाव्यमा प्रसाद गुणको प्राधान्य रहेको पाइन्छ । यस महाकाव्यमा माधुर्य, ओज र प्रसाद यी तीनै गुणको प्रयोग भएता पनि सरलताको संवाहक प्रसाद गुणकै प्राधान्य यहाँ पाइन्छ (

वस्ती, २०६६:२५) । प्रसाद गुणयुक्त एउटा श्लोकलाई उदाहरणस्वरूप यहाँ राखिएको छ ।

यौटा काव्य बनाउँला रसदिने यो दुक्ख दर्शाउने
हाम्रो मौलिक वर्तमान यसमा तस्वीरझैं आउने
साँच्चै वीर विवेक धीर करूणा खुल्छन् सवै याममा
कालो रात चिरेर चम्किरहने सेतो सफा चन्द्रमा ।
(१/४८)

यसरी यस महाकाव्यमा तीनै प्रकारका गुणहरूले युक्त श्लोकहरू रहेका छन् । यी तीन ओटै गुणको प्रयोग भए पनि प्रसाद गुणको प्रयोगले यो काव्य सरल बनेको छ ।

## ४.१४ रीति

विशिष्ट पदहरू र सुहाउँदा गुणले सम्पन्न भएको रचना रीति हो । पूर्वीय काव्यशास्त्री वामनले रीतिलाई काव्यको आत्मा मानेका छन् (उपाध्याय, २०५९:२८) । कविको भावाभिव्यक्तिको तरिका नै वास्तवमा रीति हो । रीतिलाई पूर्वीय आचार्यहरूले मुख्य रूपमा वैदर्भी, गौडी र पाञ्चाली गरी तीन प्रकारले वर्गीकरण गरेका छन् । सरल सुकुमार पदको योजना भएको बैदर्भी रीतिमा ओज प्रसाद आदि गुण रहन्छन् । कठोर किसिमका पदको योजना भएको गौडीमा ओज गुणको मात्रा बढी हुन्छ । त्यस्तै पाञ्चाली रीतिको मुख्य आधार माधुर्य र सौकुमार्य गुण रहेको हुन्छ । यसमा बैदर्भी र गौडीका तुलनामा मध्यम पद रहेका हुन्छन् ।

कर्ण महाकाव्यमा पाञ्चाली रीतिका श्लोकहरूको आधिक्य रहेको पाइन्छ । त्यसपछि बैदर्भी र गौडी रीति तुलनात्मक रूपमा कम प्रयोग गरिएको छ । तीन ओटै रीतिको उदाहरण स्वरूप श्लोकहरू प्रस्तुत गरिएका छन् ।

### *पाञ्चाली रीति*

माधुर्य र सौकुमार्य गुणले युक्त रीतिलाई पाञ्चाली रीति भनिन्छ । पाञ्चाल प्रदेशमा प्रचलित रीति भएकाले यसलाई पाञ्चाली भनिएको हो । धेरै कोमल वा कठोर शब्द रहित, माधुर्य र सौकुमार्य सौन्दर्यले शोभित रीतिलाई पाञ्चाली भनिन्छ । जस्तैः

यौटा वीर बनेर कर्ण युगको अर्को बनी अर्जुन
यौटा सभ्य विवेक लम्कन सकोस डाकेर आफ्नोपन
के हेर्छन दुनियाँ र हाँस्छ धरती चर्किन्छ छाती तर
जस्तो बस्छ र ढल्छ ढोंग रमिता त्यैं हाँस्छ मृत्युञ्जय ।
(१९/२५)

### *वैदर्भी रीति*

समस्त गुणहरूले युक्त रीतिलाई वैदर्भी भनिन्छ । विदर्भ प्रदेशमा प्रचलित रीति भएकाले यसलाई वैदर्भी भनिएको हो (शर्मा र लुइटेल, २०६३ : ८१) । दोष रहित समस्त गुणहरूले पूर्ण, वीणाको जस्तो सुमधुर स्वरयुक्त रीति वैदर्भी हो । वैदर्भी रीतिले युक्त पदहरूको प्रयोग भएको श्लोकलाई यहाँ उदाहरणको रूपमा प्रस्तुत गरिएको छ –

फूल होला नजिकै फुलेको
देखिन्न रातमा
चिसो हावाले छोयो सबैलाई
रूखहरूलाई
ढुङगालाई,
पानीलाई
र स्वयं हावालाई
तर हावा हावैलाई चिन्दैन आज ।
(२/५)

### *गौडी रीति*

लामा–लामा समास र कडा–कडा शब्दहरूको प्रयोग भएको ओज गुणले युक्त रीतिलाई गौडी रीति भनिन्छ । गौड प्रदेशमा प्रचलित रीति भएकाले यसलाई गौडी भनिएको हो । गौडी रीतियुक्त एउटा श्लोकलाई उदाहरण स्वरूप यहाँ प्रस्तुत गरिएको छ ।

तँ को होस् किन बम्किन्छस स्वरमाथि चढाउँछस्
बिनानिम्तो यहाँ आई के को फुर्ती बढाउँछस् ।
(९/२३)

### ४.१५ विम्ब विधान

कुनै पनि व्यक्ति, वस्तु, घटना आदिको वर्णनमा पाइने जीवन्त प्रस्तुति नै विम्ब हो । विम्ब प्रकृति,समाज,वेद,पुराण,इतिहास आदिबाट लिएका हुन्छन् (पोखेल,२०६१: १५६) । कर्ण महाकाव्यमा सहज एंव स्वभाविक विम्ब विधान पाइन्छ । यस महाकाव्यमा कथ्य अर्थलाई पारदर्शी रूपमा झल्काउन प्रयोग भएका विम्बहरू खास गरी प्रकृति,पुराणबाट लिएका देखिन्छन् । प्रकृति र पुराकथाको स्रोतका विम्बहरूको नव प्रयोग गर्ने प्रवृति पनि कवि लम्सालले यस महाकाव्यमा देखाएको पाइन्छ । प्रकृतिका विहान, सन्ध्या, रात, पक्षी आदिलाई सामाजिक, राजनीतिक पौराणिक आदिको विम्बका रूपमा प्रयोग गरेका छन् । कृष्ण, इन्द्र, सूर्य आदि पुराकथात्मक विम्बहरूका साथै अन्य स्रोतका कतिपय विम्बहरू पनि यस महाकाव्यमा भेटिन्छन् । यस महाकाव्यको शीर्षक 'कर्ण' आफैमा एउटा विम्ब बनेर आएको छ । कविले उपेक्षित,तिरस्कृत व्यक्तिहरूको प्रतिनिधि पात्रका रूपमा कर्ण विम्बलाई यसरी अभिव्यक्त गरेका छन् ।

मान्छेको मूल्यका निम्ति कर्ण नायक उत्तम
कर्ण आदर्श आस्था हुन्  कर्ण हुन् पुरुषोत्तम ।

सत्ता च्युत सयौँ पल्ट कर्ण आदर्श अच्युत
सृष्टिकै नमुना मान्छे पहिलो ठान्दछु म त ।

कर्ण उठ्छन् सवै दुख्ख पाइताला मुनी धसी
पौरखी पसिना बिन्दु वीरको भाग्यको मसी ।
(१/४४,४५,४६ )

उच्चवर्गका व्यक्तिहरूले अपराध गर्दा सवै मौन रहनु पर्ने बाध्यताको विम्ब कविले यसरी उतारेका छन् :

नबिउँझँदै बिहानी
रातको अँध्यारो-साम्राज्यमा
धमिलो छाया-स्वयंम अध्यारोजस्तै !

छाया हिंड्यो वा आकृति ?
नजिकै हावासँग हल्लिरहेको रूखलाई
पनि थाहा छैन ।
माटालाई थाहा छैन
थाहा छैन मौन निस्तव्ध बस्तीलाई
को हिड्छ राती भव्य दरबारबाट
सुटुक्क बाहिर निस्केर
समय कि मान्छे ?

भव्य दरबारको
अस्पष्ट गोरेटो चोर बाटो, चोर ढोका

मौन छ दरबार
मौन छन् दरबारियाहरू
रातले खोल्यो ढोका सायद
रात हिँड्यो रात लिएर पोल्टाभरि !
(२/१,२,३)

कुन्तीले सूर्य स्मरण गर्दाको विम्ब कवि लम्सालले यसरी उतारेका छन्:

ऋषि बचनमा मख्ख कुन्तीले सूर्य सम्झिइन्
जे मागे सूर्यले धर्म-पुण्य सम्झेर सुम्पिइन् ।
(२/५५)

कुन्ती र सूर्यको समागमबाट जन्मिएको पुत्रलाई बगाए पछिको अवस्थाको बिम्व यसरी उतारिएको छ :

बगे कर्ण रूँदै, आँसु खोलामा तप्तपाउँदै
सुतिन् कुन्ती, लुके सूर्य, रोयो बादल बसँदै ।
(३/२४)

उच्च र निम्न वर्ग विचको विभेदलाई कविले यसरी विम्बमा उतारेका छन् :

के फरक छ दरबार र झुपडीमा
ढुङ्गा माटो थेरथोर छ ।
सम्पत्ति चाकरी फरक होला
पौरख गर्ने भुइँ किन फरक हुन्छ ?
के हो जात- के हो वर्गीकरण
के हो सम्पन्नता, कुलीनता- के हो झुपडीबाद !
झुपडीको सन्तोषको दियोबाट
किन आउँदैन, उज्यालो ? - किन बल्दैन टुकी !
म दियालो हुँ
म सल्ला हुँ खोटो बगेको
म सतीसाल हुँ चारकोसे झाडीको
म सिंह हुँ जङ्गलको
सिंहको घर हुन्न- सिँहको जात हुन्न
सिंह सुत्दैन ओच्छ्यानमा
सिंह खाँदैन कसौँडीको तातो खीर
हेर्नुस- हत्केलामा चक्र छ
हेर्नुस् औंला-औलामा चक्र छन्
शङ्ख फुकेर डाक्ने शान्ति लाचारहरूको
म वाणको वर्ष गराएर
शान्ति फुलाउन चाहन्छु धर्तीमा

न्याय पाउन आगै बल्नुपर्छ
गुरूवर म कुनै अज्ञात कोइला हुँ आगाको !
(७/१२)

सांस्कृतिक विम्बलाई कविले यसरी उतारेका छन् :

दसैं, तिहार, ल्होसार र चण्डी, देउडा जता
उतै उत्सबमा सारा देखिन्छ परिपूर्णता ।

रानी मादल सारङ्गी सङ्गीत रङ खुल्दछ
पूर्ण पालम वा चण्डी बेसी ढोलक बज्दछ ।
(१०/२०, २१)

कर्ण आफै आफ्नो निम्ति नभएको र बुबालाई बुबा भन्न नपाएको असहज अवस्थाको विम्ब कवि यसरी उतार्छन् :

कस्तो होला बालाई बा भनेको दिन
कस्तो होला आमालाई आमा भनेको दिन
म किन म हुन्नँ कहिल्यै
अरूको निम्ति म भैदिनु पर्ने
मेरो निम्ति म किन म हुन पाउन्नँ हुँ !

सूर्य नारायण
हे निष्ठाका परमेश्वर
मेरी कुमारी आमालाई बलात् गर्भधान
गराएदेखि
आफ्नो रगतको उपस्थिति जनाएदेखि
किन निरपेक्ष छौ हस्तिनापुरमा ?
(१०/३,४)

नेपालमा भएको जनयुद्धको विम्बलाई कवि यसरी उतार्छन् :

छापामार तथा मुक्के मायावी युद्ध कौशल
युद्धनीतिहरू जम्मै आफै सिक्ने विचार छ ।
छापामार भयो आज मायावी युद्धका कुरा
द्रोहविद्रोह गर्दैछन् त्यही ज्ञान लिई पूरा ।
(६/१४,३१)

युद्धको प्रवृत्तिलाई कविले यसरी विम्बात्मक रूपमा व्यक्त गरेका छन् :

थाहा छ कर्णलाई– ऊ वीर छ
थाहा छ कर्णलाई–
कसकसको मृत्यु कहाँ छ
व्यक्ति हत्याले सामन्ती संस्कार टुङ्गिन्न !
ऊ मार्न चाहन्न अनाहकमा मान्छे
ऊ प्रवृत्ति मारेर व्यक्ति बचाउन चाहन्छ
थाहा होस् युधिष्ठिरलाई हैसियत
र फर्कियोस् युद्धबाट
बुझोस् राजपाट दुर्योधनले
र फर्कियोस् युद्धबाट
कसैलाई मारेर पनि मारिन्न सामन्ती सोच
चेतना नव्यूँझी नफारी अँध्यारो
अहँ मार्नुहुन्न केवल मान्छे
प्रवृत्ति खराब हुन्छ तर मान्छे खराब हुन्न
काम खराब हुन्छ तर काम गर्ने हात खराब हुन्न
हात काटेर चोखिन्न
हातबाट भएका कुनै पनि पापकर्म
(२३/१३)

कर्णले भोग्नु परेको पीडा र वर्तमान नेपालीहरूको अवस्थाको विम्बलाई कविले यसरी उतारेका छन्:

खै कुन्नि कतिले पाए दुःखान्त कर्णको गति
आफ्नै नेपालमा देखें ठ्याक्कै उस्तै बिसङ्गति ।

उही शोषणको भाका उही अस्थिरता, छल
उही सत्ता, उही नेता, उस्तै छ छलको बल ।
(२५/२६,२७)

यसरी महाकाव्यकार लम्सालले युगसापेक्ष विम्बविधानको प्रयोग गरी महाकाव्यलाई सौन्दर्य प्रबल बनाएका छन् । नेपालमा विद्यामान जातिवादको दम्भ, सामाजिक अन्याय, उपेक्षित, दलित सबै वर्ग यस महाकाव्यमा कर्ण विम्ब भएर आएको छ । विम्बविधान गत शिल्पपक्ष निकै रोचक भएको कुरा माथिका प्रसङ्गबाट प्रमाणित हुन्छ ।

## ४.१६ सारांश

कर्ण महाकाव्य पौराणिक विषय वस्तुमा आधारित छ । महाकाव्यकार लम्सालले महाभारत कालीन वीर पुरुष कर्णको गाथालाई नवीन दृष्टिकोणबाट व्यक्त गर्दै नेपालीहरूले भोग्नु परेको सामाजिक राजनीतिक, आर्थिक, धार्मिक समस्यालाई काव्यिक लहर मार्फत उद्घाटित गरेका छन् । दरबारको आडम्बर, क्रूरताको पराकाष्टा, जनयुद्धबाट सन्त्रस्त मानिसको चिच्याहट, क्षमावान् मान्छे माथिको प्रहार जस्ता घटनाहरूका साथै स्वतन्त्रताको आशावादी स्वरलाई समेत संयोजित गरी युग सापेक्ष आख्यानको प्रयोग गर्ने प्रबन्ध चातुरी यस महाकाव्यमा देखाएका छन् ।

महाकाव्यका आरम्भमा मङ्गलाचरण गरिनु पर्ने पूर्वीय काव्य शास्त्रीय मान्यताको पालना गर्दै यस महाकाव्यको सुरुवात मङ्गलाचरणको प्रयोगबाट भएको छ । सर्गबद्धताका दृष्टिले पनि यो महाकाव्य २५ सर्गमा संरचित छ । पूर्वीय मान्यता अनुरूप नै दानवीर, स्वाभिमानी, त्यागी, सहिष्णु, उदात्त वीरपुरुष, मानवीय गुणले युक्त धीरोदात्त नायकका रूपमा कर्ण नायक प्रयोग गरिएको छ ।

यस महाकाव्यमा गरिएको विविध काव्य स्थानिक चित्रणबाट नेपाली परिवेशको भव्यता देखिए पनि मूल कथावस्तु र चरित्राङ्कनको उत्कृष्ट शक्ति सञ्चार काव्यस्थानिक चित्रणमा हुन सकेको देखिँदैन । छन्द विधानका दृष्टिले यस महाकाव्यमा गद्य, पद्य दुबैको सन्तुलित सम्मिश्रण पाइन्छ । एउटै सर्गमा अनेक छन्दको प्रयोग, सर्गान्तमा छन्द परिवर्तनको पालना यस महाकाव्यमा भएको देखिन्छ । रसविधानका दृष्टिले यस महाकाव्यमा अङ्गी रसको रूपमा वीर रस र अन्य सबै अङ्ग रसका रूपमा प्रयोग भएका छन् । अनुप्रासादि शब्दलङ्कारका साथै उपमा, उत्प्रेक्षा, रूपक आदि अर्थालङ्कारको सौन्दर्य स्वभाविक र सहज रूपले प्रसारित भएको छ । माधुर्य ओज र प्रसाद गरी तिनै गुणको प्रयोग भएता पनि प्रसाद गुणको प्राधान्य रहेको पाइन्छ । जनजिब्रोमा प्रचलित सरल भाषाको प्रयोग यस महाकाव्यको विशिष्ट पक्ष हो । शीर्षक विधानका दृष्टिले पनि यो महाकाव्य पूर्वीय मान्यता अनुरूप नै देखिन्छ । महाकाव्यको अन्त्य सुखान्त नभएर दुःखान्त नाटकीय ढङ्गले गरिएको छ । यसरी महाकाव्यीय तत्त्वका आधारमा कर्ण महाकाव्यलाई सफल महाकाव्य मान्न सकिन्छ ।

## अध्याय-पाँच

### ५.१ अध्यायगत सार

'कर्ण महाकाव्यको विधातात्त्विक तथा सौन्दर्यपरक अध्ययन' शीर्षकको यस शोध पत्रमा जम्मा पाँच अध्याय रहेका छन्

पहिलो अध्यायमा शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यका उदेश्यहरू, पूर्वकार्यको विवरण, शोधको औचित्य र उपयोगिता, शोधको सीमाङ्कन, शोध विधि र शोध पत्रको रूपरेखाको व्याख्या गरिएको छ ।

दोस्रो अध्यायमा महाकाव्यकार नवराज लम्सालको जीवनी, व्यक्तित्व र रचनाधर्मिताको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा सौद्धान्तिक अध्ययन शीर्षक अन्तर्गत कविता विधाको उपविधाका रूपमा महाकाव्य, महाकाव्य सम्बन्धी पूर्वीय, पाश्चात्य र अन्य धारणा अनि तिनीहरूको मतको तुलनाको उल्लेख गरिएको छ ।

चौथो अध्याय शोध पत्रको मुख्य भाग हो । यसमा कर्ण महाकाव्यको महाकाव्य तत्त्वका आधारमा विवेचना गरिएको छ ।

### ५.२ निष्कर्ष

वि.सं. २०२६ साल साउन ८ गते धादिङ जिल्लामा जन्मिएका नवराज लम्सालले नेपाली साहित्यका विविध विद्यामा कलम चलाए पनि मूलतः उनी कवि हुन् । मध्यय वर्गीय परिवारमा जन्मेका लम्सालले स्नातकोत्तर तह सम्मको अध्ययन पूरा गरेका छन् । आफ्ना सबैजसो कृतिहरूमा समाजका उपेक्षित, शोषित, पीडित, पिछडिएका वर्गका अवस्थाका बारेमा चित्रण गर्ने लम्सालका कविता सङ्ग्रह, गीत सङ्ग्रह र महाकाव्य गरी चार ओटा कृतिहरू प्रकाशित छन् । उनको एक मात्र महाकाव्य 'कर्ण' (२०६६) सालमा प्रकाशित महाकाव्य हो । महाभारतीय उपजीव्य स्रोतमा आधारित यस महाकाव्यमा लामा र छोटा गरी जम्मा २५ सर्गहरू रहेका छन् । यो महाकाव्य परम्परा भन्दा भिन्न जीवन दृष्टि एवं युग सापेक्ष प्रगतिशील महाकाव्य हो ।

कर्ण महाकाव्यको मूल कथावस्तु वर्तमानबोध पनि मिसिएको पौराणिक विषय वस्तुसँग सम्बन्धित छ । कवि स्वयम्का कतिपय भोगाइ पनि यस महाकाव्यका कथावस्तुसँग सम्बन्धित छन् । चरित्र विधानका दृष्टिले यस महाकाव्यमा विविध पात्रको चयन गरिएको छ । यस महाकाव्यमा नायक कर्णलाई वीर, दानी, इमान्दार, आदर्श पुरुषकारुपमा चित्रण गरिएको छ । छन्द विधानका दृष्टिले यस महाकाव्यमा गद्य पद्य मिश्रित विविध छन्दको प्रयोग गरिएको छ । साथै एउटा गजलको समेत प्रयोग भएको छ । सरल एवं सहज भाषाको प्रयोग यस महाकाव्यमा भएको पाइन्छ । महाकाव्यको अत्यधिक ठाउँमा विम्बको सशक्त प्रयोग भएको छ । यस महाकाव्यको शैली सरल सहज, सूक्तिमय, आलङ्कारिक र विम्बात्मक रहेको छ । रस विधानका

दृष्टिले यस महाकाव्यमा विविध रसको प्रयोग भएपनि वीर रस अङ्गी रसका रूपमा रहेको छ । पौराणिक मान्यता अनुसार कुरुक्षेत्रलाई धर्मक्षेत्र र महाभारतको युद्धलाई धर्म युद्ध मानिँदै आएको थियो तर यस महाकाव्यमा कवि लम्सालले त्यस मान्यताको विरोध गरेको पाइन्छ । यसरी महाकाव्य तत्त्वहरूका आधारमा 'कर्ण' मध्यम स्तरको महाकाव्य हो भन्न सकिन्छ । नेपाली महाकाव्य परम्परामा यो कृति नवीन दृष्टिकोण बोकेर उभिएको छ ।

## ५.३ कर्ण महाकाव्यका उपलब्धिहरू

क) पौराणिक विषय वस्तुलाई नवीन दृष्टिकोण अनुसार पुनर्लेखन गर्नु यस महाकाव्यको महत्त्वपूर्ण उपलब्धि हो ।

ख) उपेक्षित एवं तिरस्कृत पात्रलाई महाकाव्यको नायक बनाउनु कर्ण महाकाव्यको अर्को उपलब्धि हो ।

ग) व्यापक मानवतावादी जीवन दृष्टि यस महाकाव्यको महत्त्वपूर्ण उपलब्धि हो ।

घ) वंशगत उच्चता र कुलीनताको विरोध गर्दै मानवीय शक्ति र सामर्थ्यलाई नै सर्वोपरि महत्त्व दिनु यस महाकाव्यको महत्त्वपूर्ण उपलब्धि हो ।

ङ) युग सापेक्ष प्रगतिशील अन्तर्वस्तु र स्वच्छन्द शैलीको विशिष्ट प्रस्तुति हुनु कर्ण महाकाव्यको अर्को उपलब्धि हो ।

च) धैर्य, इमान्दारी, साहस, करुणा र सङ्घर्षशील आदर्श नायकका रूपमा कर्णको चित्रण गरिनु यस महाकाव्यको उपलब्धि हो ।

छ) सामाजिक असमानता, जातिवाद, राजनीतिक अस्थिरता आदि युगीन समस्याहरूको यथा प्रसङ्ग सशक्त विवेचना गर्नु यस महाकाव्यको महत्त्वपूर्ण उपलब्धि हो ।

कर्ण महाकाव्यका सम्बन्धमा भविष्यमा अध्ययन गर्न सकिने सम्भाव्य शीर्षकहरू निम्नानुसार अङ्कित गर्न सकिन्छ :

क) अलङ्कार विधानका दृष्टिले कर्ण महाकाव्यको अध्ययन ।

ख) रस विधान र विरेचन सिद्धान्तका आधारमा कर्ण महाकाव्यको अध्ययन ।

ग) प्राच्य तथा प्रतीच्य महाकाव्य सिद्धान्तका आधारमा कर्ण महाकाव्यको अध्ययन ।

# परिशिष्ट खण्ड

***शोधनायक महाकाव्यकार नवराज लम्सालसँग मिति २०६७ चैत्र १३ गते लिइएको लिखित अन्तर्वार्ता***

**१. जन्म मिति, स्थान, बाल्यकाल र शिक्षादीक्षाका बारेमा लेखिदिनुहोस् न ?**

जन्म मितिः २०२६ साउन ८ गते, जन्मस्थानः ज्यामरुङ- ९, धादिङ । मेरो बाल्यकाल धादिङ ज्यामरुङमै बित्यो । मैले त्यहींको तात्कालीन श्री शङखादेवी नि.मा.वि.मा कक्षा ७ सम्म पढेँ । २०४० साल फाल्गुनमा कक्षा ८ पढ्न काठमाडौँ आएँ । संस्कृत मा.वि.रानीपोखरीमा भर्ना भएँ । २०४३ मा एस.एल.सी.सकेपछि त्रि.वि.को तत्कालीन रत्न राज्यलक्ष्मी क्याम्पस र संस्कृत विश्वविद्यालयको वाल्मीकिमा पढेँ । दुवै ठाउँबाट आई.ए., बी.ए.र एम.ए.गरेँ ।

**२. पारिवारिक स्थिति र बाल्यकालका बारेमा केही लेखिदिनुहुन्थ्यो कि ?**

म मध्यम वर्गीय परिवारको सदस्य हुँ । ग्रामीण जीवन, त्यहीँको परिवेश र टाढाको स्कुल, सबै गाउँले केटाकेटीको जस्तै जीवन निर्वाह गरेँ । खेतीपातीको काम, गाई गोठालो, वनवनेली र कृषिजन्य शारीरिक श्रम र खुब मिहिनतसंग पढाइ । यही हो ।

**३. तपाइँका रुचिका विषयहरू के के हुन् ?**

लेख्नुपढ्नु, एकान्त स्थलको भ्रमण गर्नु नयाँ विषयमा रेडियो कार्यक्रम उत्पादन गर्नु मेरा रुचिका विषय सन्दर्भ हुन् । लेख्न त रेडियो नाटक, निबन्ध, केही कथा र अखबारमा राजनैतिक टिप्पणीहरू पनि लेखेको छु तर मेरो प्रिय विधा कविता र गीत नै हो ।

**४. तपाईँले साहित्य लेखनका लागि कोकोबाट प्रेरणा र प्रभाव पाउनु भएको छ ?**

व्यक्ति विशेषको प्रभाव र प्रेरणानै त शायद् नहोला तर सानू छँदा पिताजीले मीठो स्वरमा वाचन गर्ने रामायण महाभारतका श्लोकहरू सुनेर म कवितातर्फ आकर्षित भएको हुँ कि जस्तो लाग्छ । पिताजीको साँच्चै मीठो वाचन कला थियो र उमेरको ७५ हाराहारीमा पनि अझै उस्तै छ । आज पनि रेडियोमा वाचन गर्दा तिनै लय पच्छ्याइरहेको छु कि जस्तो लाग्छ तर लेखन प्रतिको मेरो आफ्नै रूचि र लगाब हो । आफैँ बाटो बनाउँदै आफैँ हिँड्दै आएको छु ।

**५. जीवन के हो जस्तो लाग्छ ?**

जीवन हत्केलाको वालुवाजस्तो सन्तुलनमा राखे रहिरहन्छ, सन्तुलन खल्बलिए पोखिन्छ । पोखिएपछि टिप्न मिल्दैन, टिपियो भने पनि भुइँको गेगरमेगर सहित टिपिन्छ ।

**६. साहित्य के हो ?**

साहित्य समयको दस्तावेज हो, मान्छे र समाजको अध्ययन हो र माटो र मुटुको अभिव्यक्ति हो । यो खोक्रो कल्पना, स्तुति, भक्ति र पूजाभन्दा निकै माथिको विषय हो । राजनैतिक इतिहास जित्नेहरूको मात्र होला तर असल साहित्य समयको साँचो इतिहास पनि हुन सक्छ ।

**७. तपाईँ सबैभन्दा बढी कुन महाकाव्यकारबाट प्रभावित हुनु भयो ?**

मलाई महाकवि लक्ष्मीप्रसाद देवकोटा सबै रूपमा मन पर्छ, तर पनि महाकाव्यकारका रूपमा अझै बढी मन पर्छ, श्रद्धा लाग्छ । उनको शाकुन्तल र प्रमिथसजस्ता कृति अति अब्बल छन् ।

**८. तपाईँले महाकाव्य कुन उद्देश्यका लागि लेख्नु भएको हो ?**

कविताको उत्कर्ष हो महाकाव्य । यसका पनि प्रकार छन् तर लेख्दै जाँदा मझौला रूपको यसै किसिमको महाकाव्य तयार भयो । मेरो कवितामोह वा कवितामार्फत समय मुसार्ने कोसिस मिसिएर महाकाव्य बन्यो होला भनुँ न ।

**९. महाकाव्यका नायक कर्णको धेरै प्रशंसा गर्नु भयो नि किन ?**

महाभारत कालीन राजनीतिका सिकार थिए कर्ण र आज पनि कर्णजस्तै क्षमतावान्हरूले खासै इज्जत र अवसर पाएका छैनन् । कर्ण जन्मने बित्तिकै खोलामा फालिए, बाँच्ने अधिकारबाट बञ्चित भए । द्रोणाचार्यले राजपुत्रहरूसंग संगै पढ्न दिएनन्, उनी पढ्ने अधिकारबाट बञ्चित भए । अर्जुनलाई सर्बश्रेष्ठ धनुर्धारी घोषणा गरिँदा उनले प्रतिष्पर्धा नै गर्न पाएनन्, प्रतिष्पर्धाबाट अब्बल सावित हुने अवसरबाट बञ्चित भए । आज पनि कुपोषण र भोकमरीबाट कति बालबालिका मरेकै छन् । पैसा हुनेले ठूला र नहुनेले सामान्य स्कुलबाट शिक्षा लिएकै छन् । राज्यसत्तामा महुँच भए क्षमताहीनहरूले पनि अवसर पाएकै छन् । समयको फेरो उस्तैउस्तै भएको छ । कर्णलाई नायक सिद्ध गर्न र यो समयको चरित्र पनि देखाउन कर्ण लेखेको हुँ ।

**१०. अर्को महाकाव्य पनि लेख्दै हुनुहुन्छ कि ?**

हो, लेख्दैछु । हिजोको मिथक प्रयोग गरेर कर्ण लेखेँ, अब सिधै वर्तमान र देश लेख्न खोजेको छु । यसका लागि कर्ण लेख्न जस्तो ८ वर्ष पर्खने धैर्य छैन मसंग । यो छिटै सक्ने विचारमा छु ।

**११. वर्तमान नेपाली महाकाव्य लेखनको स्थिति तपाईँलाई कस्तो लाग्छ ?**

महाकाव्य लेखिएकै छन् । ९० बर्ष काटेका राष्ट्रकवि माधव घिमिरे समेत महाकाव्यकै साधनामा हुनुहुन्छ । नयाँ पुराना धेरैले लेखेकै छन् तर के कस्तो लेखेका छन् त्यो त समालोचकले भन्ने कुरा हो । यो समय महाकाव्य शून्य समयचाहिँ होइन ।

**१२. तपाइँ आफूलाई कस्तो साहित्यकार ठान्नुहुन्छ ?**

यो म आफैँले भन्ने कुरा होइन । तर म लेखाइ, बोलाइ र काम गराइमा एकरूपता होस् भन्ने चाहन्छु । पेशाले उद्घोषक हुँ, बोलिखाने मान्छे, त्यही बोलीको सम्मानको लागि चिन्तित छु ।

**१३. तपाइँ राजनीति पनि गर्नुहुन्छ ?**

हो, म पेशागत राजनीति गर्छु । प्रेससँग सम्बन्धित भएकोले प्रेस क्षेत्रका समस्या, समाधान, व्यवसायिक सुरक्षा र व्यवसायिक सीप विकासका लागि लागि परेको छु । यसबाहेक कुनै पनि गतिविधिमार्फत हुने देशको सामाजिक र आर्थिक रूपान्तरण राजनीति हो भने त्यसमा पनि मनग्गे खटेको छु । बाँकी त समयले के भन्छ थाहा छैन ।

**१४. साहित्यबाहेक तपाइँ कुन कुन क्षेत्रमा संलग्न हुनुहुन्छ ?**

रेडियो कार्यक्रम सञ्चालक हुँ, रेडियो नेपालको जागिरे । यस बाहेक बीबीसी नेपाली सेवाको कला सम्वाददाता हुँ । बीबीसीले पहिलो पटक कला बिट शुरू गरेर मलाई जिम्मा दियो । यस बाहेक अन्नपूर्ण पोष्ट दैनिक लगायत केही प्रमुख दैनिकहरूमा राजनैतिक टिप्पणी वा विश्लेषण गर्छु । अघिल्लो प्रश्नमा तपाइँले सोधेजस्तै राजनीति त हैन तर धादिङलाई केन्द्रमा राखेर अलिअलि कामहरू पनि गरिरहेछु ।

### १५.  अन्त्यमा केही ?

म र मेरा सिर्जनामाथि शोध गरिदिनु भयो, आभारी छु र तपाइँको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

## *सन्दर्भ सामग्री सूची*


अवस्थी, महादेव (२०६४), आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, काठमाडौँः इन्टेलेक्चयुअल्स बुक प्यालेस ।

उपाध्याय, केशव प्रसाद (२०५९), साहित्य प्रकाश (छै.सं.) ललितपुरः साझा प्रकाशन ।

——————— (२०६१), पूर्वीय साहित्य सिद्धान्त (चौ.सं.) ललितपुरः साझा प्रकाशन ।

गुप्त, देवी प्रसाद (ई.१९६८), हिन्दी महाकाव्य सिद्धान्त और मूल्याङ्कन, जयपुर :अपोलो पब्लिकेसन ।

गौतम, कृष्ण (२०५५), पाश्चात्य महाकाव्य,काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

चतुर्वेदी, नागेन्द्र, (ई.१९८१) अरस्तुको काव्यशास्त्र, नयाँ दिल्ली : हिन्दी अनुसन्धान परिषद् ।

चतुर्वेदी शर्मा, पुरुषोत्तम (२०१३) हिन्दी रस गंगाधर, वाराणसीः नागरी प्रचारिणी सभा

चापागाईँ, नरेन्द्र र दधिराज सुवेदी (सम्पा.) (२०५२) काव्य समालोचना, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

जोशी, कुमार बहादुर (२०६५), महाकवि देवकोटा र उनका महाकाव्य (चौं.सं.), ललितपुरः साझा प्रकाशन ।

ढकाल, वेणीमाधव (२०५७), काव्य दीपिका, काठमाडौँ, श्रीमती प्रभालक्ष्मी राणा ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा) (२०४६),नेपाली ककिवता भाग– ४, (चौ.सं.) ललितपुर : साझा प्रकाशन ।

नेपाल, देवी (२०६२) छन्द पराग, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

भट्टराई, घटराज (२०५९), नेपाली स्नातकोत्तर समालोचना, काठमाडौँ : पौरवी बुक्स एण्ड स्टेशनरी सेन्टर ।

मिश्र, भगीरथ (२०६०), काव्यशास्त्र (पाँ.सं.) वाराणसीः विश्वविद्यालय प्रकाशन ।

रिजाल, राममणि (२०५९), नेपाली काव्य र कवि (पाँ.सं.), ललितपुर : साझा प्रकाशन ।

लम्साल, नवराज (२०६१), पाइलैपिच्छे सगरमाथा काठमाडौँः एम.एस.डी.टी.आई ।

——————— (२०६२), आगो छोपेर कतिन्जेल! काठमाडौँः अम्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

——————— (२०६२), धुनभित्र धुन वाहिर काठमाडौँः अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन

——————— (२०६६) कर्ण महाकाव्य काठमाडौँ : युनाइटेड नेपाल पब्लिकेसन प्रा.लि.।

विश्वम्भर (इ.१९६२), प्रसाद और उनकी कविता, इलाहावादः किताब महल प्रा.लि.।

शर्मा, गोपीकृष्ण (२०६३), संस्कृत, साहित्यको रूपरेखा, (ते.सं.), काठमाडौँ अभिनव प्रकाशन ।
शर्मा,मोहनराज र खगेन्द्र प्रसाद लुइटेल (२०५५), शोधविधि (दो.सं.), ललितपुरः साझा प्रकाशन ।
———————— (२०६३), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (दो.सं.), काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।
सिग्देल, सोमनाथ (२०५८) साहित्य प्रदीप,काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

### *पत्रपत्रिका*

१. 'कर्ण' लिएर नवराज (२०६७) कान्तिपुर (२२ वैशाख) पृ. ९ ।
२. मदनमणि (२०६७), 'कर्ण नयाँ प्रयोग' अन्नपूर्ण पोष्ट (११ वैशाख) पृ. १० ।
३. पोखरेल,माधवप्रसाद (२०५४), 'महाकाव्य, सिद्धान्त र विकासक्रम' समकालीन साहित्य (वर्ष-७, अङ्क ३) पृ. ३८ ।
४. भट्टराई, रमेशकुमार (२०६६), 'संस्कृत शास्त्रीय अलङ्कारमय ललित महाकाव्य एक समीक्षा' उन्मेष, (अङ्क १०,) पृ. २१-२२ ।
५. सिलवाल, अशोक (२०६७) काव्य संवाद, राजधानी (१० वैशाख) पृ.ग ।

### *शोध पत्र*

चौलागाई, ध्रुवबहादुर (२०६६), "गौतमबुद्ध महाकाव्यको कृतिपरक अध्ययन" त्रि.वि.स्नातकोत्तर द्वितीय वर्षको प्रयोजनका लागि प्रस्तुत शोधपत्र ।
पुडासैनी,मदन (२०६५) "चिसो चूल्हो महाकाव्यको विश्लेषण र मूल्याङ्कन" त्रि.वि.स्नातकोत्तर तह द्वितीय वर्षको प्रयोजनका लागि प्रस्तुत शोधपत्र
लामिछाने, दीपकप्रसाद (२०६६) "आँसीका फूलहरू महाकाव्यको कृतिपरक अध्ययन" त्रि.वि.स्नातकोत्तर तह द्वितीय बर्षको प्रयोजनका लागि प्रस्तुत शोधपत्र ।